खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily




वर्ष १ | अंक २६ | २०७९ साल मंसिर १९ गते सोमवार | Monday 5, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

भित्र

पृष्ठ २ मा
पत्रकार शिवहरिको कोशीमा अन्त्येष्ठी

पृष्ठ ३ मा
सिरहा : प्रहरीकै आँखा अगाडि बढ्दो गाँजा खेती

पृष्ठ ४ मा
व्यवसायीक योजना र यसको महत्व

पृष्ठ ५ मा
चोरी सिकारीका कारण रेडपाण्डा जोगाउन समस्या

पृष्ठ ६ मा
राजधानी नसार्न कांग्रेस र एमालेको आग्रह

पृष्ठ ७ मा
सात करोड आम्दानी देखाएका अफ्रिकी राष्ट्रपतिमाथि घोटालाको आरोप

# धरौटी राख्ने सम्पति नहुदाँ पेट्रोलियम पाईपलाईनको काम अलपत्र

## पाईपलाईनबाट पेट्रोल आयात भए मासिक १५ करोड बचत हुने

शारदा पोखरेल
बारा,, मंसिर १८

नेपाल आयल निगमसँग बैंक धरौटी राख्ने भौतिक सम्पति नहुदाँ अम्लेखगञ्ज-बरौनी पेट्रोलियम पाईपलाईनको काम ४ महिनादेखी अलपत्र अवस्थामा परेको छ । नेपाल आयल निगमले भारतिय आयल कर्पोरेशन(आईओसी) लाई तिनुपर्ने २९ अर्व छ । निगमले सो रकम बुझाउन नसक्ने र बैंक ग्यारेन्टि राख्न भौतिक सम्पति पनि नहुदाँ पाईपलाईनबाट पेट्रोल ल्याउने काम अलपत्र अवस्थामा पुगेको हो ।

निगमले पेट्रोल भण्डारणका लागि २ वटा ४१ लाख लिटरको ट्यांकी सहित प्राविधिक उपकरण खरिदका लागि तत्काल २ अर्व ५० करोड रकम आवश्यक पर्ने जनाएको छ । तर निगमसँग सो रकम नहुदाँ दोस्रो चरण पेट्रोलियम पाईपलाईनको काम शुरु हुन सकेको छैन् । यसअघि निगमले पहिलो चरणमा ३ वर्षअघि २०७६ भदौ २४ गतेदेखि भारतको बरौनीदेखि बाराको अम्लेखगञ्जसम्मपाईपलाईनबाट डिजल आयात गर्दै आएको छ ।



आयल निगम अम्लेखगञ्ज डिपोका प्रमुख प्रदीप यादवले सन् २०२४ जनवरीसम्म पाईपलाईनबाट पेट्रोल ल्याउने लक्ष्य भएपनि आईओसीलाई बुझाउने नगद रकम वा धरौटी राख्ने सम्पति नहुदाँ काममा ढिलाई भएको बताए । 'आयल निगमसँग आर्थिक संकट भएर बैकं ग्यारेन्टी समेत राख्न नसक्ने अवस्थाका कारण ४ महिनादेखि दोस्रो चरणको काम अलपत्र अवस्थामा छ' यादवले भने ' दोस्रो चरणको काम सम्पन्न भए पाईपलाईनबाट पेट्रोल आयात हुदाँ निगमको ईन्धन खर्च र ढुवानी भाडा बापत मात्रै प्रतिमहिना १५ करोड बचत हुन्छ' ।

भारतको बरौनीदेखि अम्लेखगञ्जसम्म पेट्रोल ढुवानी गर्दा प्रतिलिटर पेट्रोलमा ३ रुपयाँ खर्च हुन्छ भने पाईपलाईनबाट ल्याउन सके प्रतिलिटर ५० पैसा मात्रै खर्च हुने निगमले जनाएको छ । ' दोस्रो चरणको काम जति ढिलो भईरहेको छ त्यति निगमलाई घाटा छ, भण्डारण गर्ने टंयाकी नहुदाँ पाईपलाईन पनि पुर्ण रुपमा प्रयोग गर्न सकिएको छैन' यादवले भने ।

दोस्रो चरणको कामको लागि नेपाल आयल निगमल १ वर्ष अघि भारतिय आयल निगमलाई भारु.७६ करोड रुपयाँ दिईसकेको छ । सो रकम बुझाएपछि ११ वटा टेन्डरहरु सार्वजनिक भईसकेको र त्यसमध्ये ८ वटा टेन्डरहरुले काम पनि शुरु भईसकेको छ । तर बाँकी कामको लागि निगमले आईओसीलाई रकम बुझाउन नसक्दा योजना अगाडी बढ्न सकेको छैन् ।

### दोस्रो चरणमा के के काम हुन्छ ?

निगमको अम्लेखगञ्ज डिपोसँग डिजल भण्डारणको लागि अहिले ४५ लाख लिटरको ४ वटा ट्यांकी मात्रै छ । तर पाईपलाईनबाट प्रतिघन्टा औषतमा २ लाख ५० हजार लिटर डिजल आउदाँ भण्डारण गर्ने प्रयाप्त ट्यांकी नहुदाँ समस्या भएको अम्लेखगञ्ज डिपो प्रमुअ यादवले जनाएका छन् ।

पाईपलाईनको दोस्रो चरणको काम अर्न्तगत ४१ लाख लिटरको २ वटा पेटोलको ट्याकी, एउटा ल्याबोटरी, २४ वटा प्लेट,फायर फाईटिङ्गको लागि फायर वाटर ट्यांकी निमार्ण हुनेछन् । डिजल पाईपलाईनबाट आएपनि निगमले मट्टितेल र पेट्रोल ट्यांकर मार्फत ल्याउने गर्दछ । तोकिएको समयमै पाईपलाईनको दोस्रो चरणको काम सम्पन्न भए मासिक करोडौ रुपयाँ भाडा र यातायात खर्च बचत हुने निमगले जनाएकोछ ।

### २० हजार पेट्रोल लिन जाँदा ४ सय लिटर डिजल खर्च

अम्लेखगञ्जदेखि २५० किलोमिटर टाढा भारतको बरौनी पुगेर पेट्रोल ल्याउदाँ प्रतिटंयाकर २० हजार लिटर पेट्रोलका लागि ४ सय लिटर डिजल खर्च हुने निगमले जनाएको छ ।

साथै पेट्रोल लिनका लागि भारतको बरौनी पुगेका नेपाली गाडीहरुले भारतिय दुतावास, विहार सरकारको अनुमती लिनुपर्ने, भारतिय निगमको टंयाकी भर्ने ठाँउसम्म पुग्दा

- बाँकी पृष्ठ ६ मा

नीति तथा योजना आयोगको प्रक्षेपण

# ३७ अर्ब आम्दानी ६० अर्ब खर्च

एस.के. कर्ण - जनकपुर, मंसिर १८ ।

चालु आर्थिक वर्षमा ४६ अर्ब ८८ करोड, ९ लाख रहेको मधेश प्रदेशको बजेट बजेटलाई दुई वर्षमै ६० अर्बभन्दा बढी पुरयाइने लक्ष्य लिइएको छ ।

प्रदेश सरकारका निती तथा योजना आयोगले तयार पारेको त्रिवर्षिय मध्यकालिन खर्च संरचना अनुसार आगामी आर्थिक वर्ष २०८१/०८२ सम्म प्रदेशको बजेट ६० अर्ब ३८ करोड २६ लाख ५९ हजार पुरयाइने लक्ष्य सहित अनुमान तथा प्रक्षेपण गरिएको हो ।

सो आ.ब. मा चालुतर्फ २६ अर्ब ९३ करोड ३० लाख र पुँजीगततर्फ ३३ अर्ब ४५ करोड २० लाख रुपैया प्रस्तावित बजेट हुनेछ । यसवर्ष सबभन्दा बढी भौतिक पुर्वाधार विकास मन्त्रालयका लागि २३ अर्ब २९ करोड २९ लाख १९ हजार र सबभन्दा कम वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयका लागि ३ करोड ३५ लाख ६ हजार रुपैया बजेट छुयाएको हो ।

सो मध्यकालिन खर्च संरचना अनुसार आ.ब. ०८०/८१ म ५२ अर्ब ५० करोड ६६ लाख ६० हजार रहने अनुमान गरिएको छ । सो आ.ब. को चालुतर्फ २३ अर्ब ४१ करोड ७९ लाख ३० हजार र पुँजीगततर्फ २९ अर्ब ८ करोड ८७ लाख ३० हजार रुपैया रहने अनुमान गरिएको छ । तर प्रदेशको पहिलो आवधिक पंचवर्षिय योजना अनुसार यस आ.ब. मा ६६ अर्ब ३५ करोड रुपैया खर्च हुने अनुमान गरिएको छ ।

यस आ.ब. मा पनि भौतिक पुर्वाधार विकास मन्त्रालयकै लागि २० अर्ब २५ करोड ४७ लाख १२ हजार र सबभन्दा कम वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयका लागि २ करोड ९१ लख ३६ हजार रुपैया बजेट छुयाएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले आ आफ्नो व्यवस्थापकीय (संसद, सभा वा परिषद्) मा वार्षिक अनुमान प्रस्तुत गर्दा त्यससँगै मध्यमकालिन खर्च संरचना समेत गरी प्रस्तुत गर्नुपर्ने प्रावधान अनुसार प्रदेश सरकारले सो मध्यमकालिन खर्च संरचना तयार पारेको हो । तयार पारिएको सो खर्च संरचनामा आ.ब. २०७९/०८०, ०८०/८१ र ०८१/८२ को अनुमानित बजेट, खर्च, राजश्व संकलन, प्रदेशको ग्राहस्थ लगायतका कुरा समेटिएको छ ।

प्रदेशको आयतर्फ आ.ब. ०८०/८१ मा ३६ अर्ब ५९ लाख ४० हजार रुपैया हुन सक्ने अनुमान गरिएको छ । ती आ.ब.मा आन्तरिक राजश्वतर्फ ९ अर्ब १८ करोड ७० लाख, १९ हजार, नेपाल सरकारबाट अनुदान १५ अर्ब ८३ करोड ११ लाख ९९ हजार, बाँडफाँडबाट हुने राजश्व ९ अर्ब ९८करोड ९९ लाख र आन्तरिक ऋणबाट १ अर्ब आय हुने अनुमान गरिएको छ ।

त्यस्तै आ.ब. ०८१/८२ मा ३७ अर्ब ६३ करोड २३ लाख ३९ हजार रुपैया आय हुन सक्नेछ । जसमध्ये आन्तरिक राजश्वतर्फ ९ अर्ब ९२ करोड, १९ लाख, नेपाल सरकारबाट अनुदान १६ अर्ब ६२ करोड, २७ लाख, बाँडफाँडबाट हुने राजश्व १० अर्ब, ८ करोड, ७५ लाख र आन्तरिक ऋणबाट एक अर्ब आय हुने निति आयोगले गरेको प्रक्षेपनमा उल्लेख छ ।

३७ अर्ब आम्दानीमा ६० अर्ब बजेट कसरी सम्भव हुन सक्छ भन्ने जिज्ञासामा आयोगका उपाध्यक्ष

- बाँकी पृष्ठ ६ मा

# एमाले : मधेशमा एक नम्बर, पर्सामा तहसनहस

मधशेदृष्टि
वीरगन्ज १८ मंसिर ।

मधेश प्रदेशमा एक नम्बर पार्टी बन्न सफल नेकपा एमाले पर्सामा आपसी विवाद र षडयन्त्रको कारण संगठन नै तहसनहस हुने अवस्थामा पुगेको छ । गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा पार्टीका आधिकारीक उमेदवार विरुद्ध लागेको भन्दै एमालेका केन्द्रीय सदस्य लगायत दर्जनौं नेता कार्यकर्तालाई कारवाही र निष्कासन गर्ने एमाले पर्साको निर्णयले पार्टी भित्रको आन्तरिक कलह सतहमा आएको छ । नेकपा एमाले पर्साको शनिबार बसेको सचिवालय बैठकबाट पार्टीका पर्सा जिल्ला इन्चार्ज एंव केन्द्रीय सदस्य प्रभु हजारा सहित दर्जनौं नेता कार्यकतालाई पार्टीबाट निष्कासन र कार्वाही गरेको समाचार बाहिरिएपछि एमाले भित्र अहिले रडाको मच्चिएको छ ।

सचिवाल बैठकले कुनै निर्णय नगरेको तर पर्सा जिल्ला अध्यक्ष जयप्रकास थारुले नेता कार्यकर्तालाई कार्वाही गरेको भनि सञ्चारमाध्यमा दिएको समाचार भ्रामक भएको भन्दै गए राति नेकपा एमालेका केन्द्रीय सदस्य एंव पर्सा इन्चार्ज प्रभु हजाराले विज्ञप्ती जारी गरेका छन् । हजाराद्वारा जारी विज्ञप्तीमा पार्टी नीति विपरित काम गरेको भनी पार्टीका पर्सा अध्यक्ष जयप्रकास थारुलाई स्पष्टीकरण सोधिएको समेत उल्लेख गरिएको छ । थारु मंसिर ४ गते सम्पन्न प्रदेश सभा निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नं ४ (क)बाट नेपाली कांग्रेसका उमेदवार शंकर चौधरीसँग पराजीत भएका थिए ।

आफू निर्वाचनमा पराजय भएको आक्रोश नेता कार्यकर्तालाई कारवाही र निष्कासन गरेर व्यक्त गर्न खोजेको आरोप हजरा पक्षले लगाएको छ । यस अघि शनिबार एमाले पर्साको सम्पन्न वैठकले केन्द्रीय सदस्य एवं पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्य बसरुद्दिन अन्सारी सहित २६ जनालाई अन्तर्घाती ठहर गर्दै पार्टीबाट साधारण सदस्य समेत नरहने गरी निस्कासन गर्न केन्द्रीय समितिलाई सिफारिस गरेको सामाचार सार्वजनिक भएको थियो ।

# जनता आवास कार्यक्रमको भवन अलपत्र : मुसहर विचल्लीमा

मुकेश कुमार साह
रौतहट १८, मंसिर ।

जनता आवास कार्यक्रम अन्तर्गतका पक्की भवन अधुरा अवस्थामा रहेपछि रोतहटका मुसहर विचल्लीमा परेका छन् । अती गरिव विपन्न मुसहरलाई दुई कोठे पक्की भवन निर्माण गर्ने उद्देश्यका साथ शुरु भएको भवन निर्माणको कार्य वर्षौ देखि अलपत्र परेका कारण उनीहरु हाल घरको न घाटको अवस्थामा छन् । चन्द्रपुर-९ चेतनगर बस्तीमा ६० घर छन् । तीमध्ये जनता आवास कार्यक्रम अन्तर्गत ५० वटा घर मात्र बनाउन लागिएको हो ।

दुई कोठाको पक्कीघर अलपत्र परेपछि उनीहरूसँग झुपडी बनाएर बस्ने जमिन समेत छैन । त्यहीँ अलपत्र घरमा पराल, खर तथा त्रिपालले बेरेर उनीहरू बस्दै आएका छन् । अधिकाशको छाना, झ्याल, ढोका, र भुइँ ढलान गरिएको छैन । यसैकारण मुसहर बस्तीका अधिकांश मतदाता यो चुनावमा नेता देखि रिसाएर भोट दिन गएनन् । भवन निर्माण समितिकी कोषाध्यक्ष सीमा माझी मुसहरले चुनावका बेला नेताहरूले झूटो बोल्ने गरेकाले मतदानगर्न नगएको बताइन ।

घरको छाना नभएर बिचल्लीमा परेपछि बस्तीवासीले निर्वाचन बहिष्कार गर्ने सल्लाह




गरेका हुन् । जनता आवासले ६ महिना भित्र सकिने भनेर बनाउन थालेको घर दुई वर्ष बित्दा पनि पूरा भएको छैन । स्थानियतहको चुनावमै भोट माग्न जानेहरू सबैले चुनाव पछि हुन्छ भनेर आश्वासन दिएको स्थानीय मनोज माझी मुसहरको गुनासो छ ।

मनोजको घरमा वृद्ध आमा, साना ४ बालबालिका लगायत ८ जना छन् । उनीहरू सबै प्लास्टिक टाँगेर महिनौ देखि बसेका

- बाँकी पृष्ठ ६ मा

AFFILIATED TO TU&CTEVT
सुनसरी टेक्निकल कलेज धरानको
25 YEARS of ACADEMIC EXCELLENCE
पुन:प्रवेश परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना
Re-CMAT Exam
BHM/BIM पढ्ने अन्तिम मौका
Last date of CMAT application form: 20 Mangsir 2079
साथै यस कलेजमा ३ वर्षे Diploma Program मा केही सिट रिक्त रहेको व्यहोरा जानकारी गराउँदै पुनः प्रवेश परीक्षाको आवेदन फारम भर्न सूचित गरिन्छ ।
1. Certificate level in medical lab technology(CMLT)
2. X-Ray technician (radiography)
3. Diploma in civil engineering
4. Diploma in computer engineering
फारम भर्ने अन्तिम मिति : १९ मंसिर २०७९
सुनसरी टेक्निकल कलेज
धरान-१, लक्ष्मी सडक
सम्पर्क नं.:9841429713,9842039499,9804336689





सुर्खेतको चिङ्गाड गाउँपालिका-३ स्थित गाउँले बहुउद्देश्यीय सहकारी संस्थाको दूध सङ्कलन केन्द्रमा दूध बिक्री गर्दै किसान । दूध बिक्री हुन थालेपछि यहाँका किसान व्यावसायिक पशुपालनतर्फ आकर्षित भएका छन् । *तस्बिर: सुरेश आचार्य/रासस*

# तामाकोसीको भँगालोमा कान्छी मायाको पौंठेजोरी

'बालुवा बेचेरै बाँच्नुपर्ने बाध्यता छ, हामीजस्ताका लागि के हिउँद के बर्खा ? बाढी आओस्, झरी परोस् तर यो बगरमा हाम्रो मजदुरीमा लात हान्ने प्रहरी कहिल्यै नआओस् ।

- कृष्ण तिमल्सिना



तामाकोसी नदीमा पानीको बहाव कहिले बढ्छ पत्तो हुँदैन। हिमालको हिउँ पग्लिएपछि तामाकोसीको बहाव बढ्छ। हिमाली खोला खोल्छामा आउने वर्षे भेलले पनि कोसीमा पानीको सतह बढिरहेको हुन्छ। जब कोसीमा पानीको बहाव बढ्छ- तटीय क्षेत्रमा एकोहोरो खतराको सूचक साईरन बज्न थाल्छ। किनकी तामाकोसी नदी, कैयौं जोखिमयुक्त हिमतालको पानीमा निर्भर छ । दोलखा, बैतेश्वर गाउँपालीका बुस्ति की ६५ वर्षीया कान्छी माया तामाङ' कोसीको भेल, स्थानीय प्रशासनको अवरोध र संभावित बाढीको जोखिम छल्दै सबेरै तामाकोसीको भँगालोमा पस्नुहुन्छ।

अहिले पानी नपर्ने र नदीमा भेल नआउने मौसम भएकाले प्राकृतिक रूपमा उहाँलाई कत्ति पनि त्रास छैन। खोला भित्र पसेर बालुवा निकाल्दा चिसो हिमाली पानीले हात गोडा कटक्कै पार्छ नि, तप तप पानी चुहिरहेको बालुवाको थुन्छे बोकी रहनुभएकी तामाङले भन्नुभयो- चिसो भन्दा बढी घुमुवा प्रहरीको डर हुन्छ । झरी नपर्ने मौसममा कोसीमा पानीको बहाव कम हुन्छ। पर परसम्म गएर बालुवा झिक्न पाइन्छ। त्यसैले मौसम सफा भएको दिन कान्छी तामाङको मन बिहानैदेखि गदगद हुन्छ। बिहान झिसमिसे नहुँदै ओढ्ने प्लाष्टिक, थुन्से र बेल्चा बोकेर खोलामा पुग्नु तमाङको दिनचर्या हो। यो चिसोमा पनि, खोलामा आधा शरीर डुबाएर बालुवा निकाल्न उहाँलाई अलिकति पनि डर लाग्दैन। मौसम सफा भएको दिन ९० भारीसम्म बालुवा निकाल्छु, उहाँले भन्नुभयो प्रहरी प्रशासन नआएको दिन पूरै काम गर्न पाउँदा त 'संसार जिते' जस्तो लाग्छ। तामाकोसीको भँगालोमा २५ वर्ष बिताइ सक्नुभएकी कान्छी तामाङले भन्नुभयो। हामी तामा कोसीको पुलसँगैको बगरमा तामाङलाई अलमल्याई रहेका छौं तर उहाँमा प्रहरी नआएको मौकामा बालुवा निकाल्ने हतारो मात्रै छ।

बर्खायाममा खोलामा बाढी उर्लेपछि प्रशस्तै बालुवा पाइन्छ तर कोसीमा डुबेर बालुवा निकाल्न सकिन्न। त्यसैले धेरैजसो बाढी रोकिना साथ जोखिम मोलेर कोसीको भँगालोमा पस्छन्। उमेरले ६५ वर्ष काटेको भए पनि कोसीमा पसेर तप-तप पानी चुहिएको चिसो बालुवा थुन्छेभरि बोक्नु तामाङको बाध्यता हो। 'बालुवा बेचेरै बाँच्नुपर्ने बाध्यता छ, हामीजस्ताका लागि के हिउँद के बर्खा ? बाढी आओस्, झरी परोस् तर यो बगरमा हाम्रो मजदुरीमा लात हान्ने प्रहरी कहिल्यै नआओस्। तामाङको पीडा छ। किनकी पटके घुमुवा प्रहरीले यी मजदुरसँग महिनावारी असुल्छ र समयमा पैसा नदिनेलाई पक्रेर लैजान्छ।

यो तामाकोसीको बगर झट्ट हेर्दा बगर मात्रै हो तर यहाँका कान्छी तामाङहरूका लागि यही बगर जिन्दगी हो। यही कोसीले कान्छी तामाङहरूलाई धेरै पटक घरबारविहीन पारेको छ। हेर्दा हेर्दै कोसीमा बालुवा खोज्न पसेकाहरू भँगालोमा हराएका छन् तर बाध्यता: बालुवा खोज्न यही ज्यानमारा कोसीको भेललाई कान्छी तामाङहरूले अन्नदाता सम्झेर पच्छ्याइ रहेका छन्। ज्यान हत्केलामा राखेर पेटको जोहो गर्नेहरू तामाकोसीको बगरमा बाक्लै देखिन्छन्।

तामाकोसीको भँगालोमा जोखिम मोलेर रमाउन बानी परेकी स्थानीय २४ वर्षिया रश्मीला थामी'। गर्भवती अवस्थामा पनि रश्मीला, तामाकोसीको भँगालो पस्न छाडेकी छैनन्। श्रीमान् सुजन थामी पनि यही तामाकोसीबाट निकाल्ने बालुवा बेचेर घरखर्च चलाइरहेका छन्। सुजन र रश्मीलाका दुई सन्तान'.आयुस र सुरानी'.। यही बगरमा चिसो पानी र बालुवामा खेल्दा खेल्दै हुर्किसके। दोलखाको भिमेश्वर नगरपालिका सुर्केबाट अहिले तामाकोसी बसाइसरेका सुजनका छोरा आयुष पढाइमा निकै सिपालु छन्। पढ्दै नपढी परीक्षा दिन्छ- सँधै कक्षामा पहिलो हुन्छ, पसिना पुछ्दै सुजनले सुनाए। सुर्केको स्कुलमा झगडा गरेर, साथीभाई कुटेर हैरान बनायो, त्यसैले यही छोराको भविष्यका लागि हामी अहिले तल झरेका छौं'.। ट्रकमा बालुवा लोड गरिरहेका सुजनले छोरालाई देखाउँदै भने तर राम्रो पढ्छ, हिसाबमा तगडा छ'।

८ वर्षीय छोरा आयुष नजिकै, बाबु आमाले दिनभरि चिसो पानीमा पसेर बोकेको बालुवा बेचेर कमाएको पैसा गनिरहेका छन्। पढ्नुपर्छ, खानु पर्छ यो जाबो बालुवा बेचेर कति कमाइ हुन्छ र ? पुलिस आएर लखेट्छ, गाउँपालिकाका सरहरू पैसा उठाउन आउँछन्, ८ वर्षका आयुषले बगरमा खेल्दा खेल्दै देखेको र भोगेको अनुभव सुनाए। उनको हातमा हजार हजारको ५ वटा नोट थिए।

सुजन थामी दम्पतीलाई पनि कान्छी तामाङलाई जस्तै तामाकोसीको भँगालोमा पसेर बालुवा निकाल्ने बानी परिसकेको छ। जब कोसीमा ठूलो बाढी आउँछ, थामीको परिवार थुन्छे र बेल्चा बोकेर कोसी पस्छ। बाढी आएपछि अथवा बिहान सबेरै खोलाबाट बालुवा निकाल्न सजिलो हुन्छ, थामीले सुनाए, रातभरि जम्मा भएको बालुवा निकाल्न पाइन्छ। पुलिसले दु:ख दिएन भने हामी दिनमा सय थुन्छेसम्म बालुवा निकाल्छौं। गाउँपालिकाले बालुवा तथा अरु उत्खननजन्य पदार्थको नयाँ ठेक्का नलगाएसम्म यी मजदुरहरू यसैगरी बालुवा बेचेर बाँच्छन्। ठेक्का लागेपछि बगरमा लोडर र ट्रिपर पस्न थाल्छ।

बर्खायाममा खोलामा बाढी उर्लेपछि प्रशस्तै बालुवा पाइन्छ तर कोसीमा डुबेर बालुवा निकाल्न सकिन्न। त्यसैले धेरैजसो बाढी रोकिना साथ जोखिम मोलेर कोसीको भँगालोमा पस्छन्। उमेरले ६५ वर्ष काटेको भए पनि कोसीमा पसेर तप-तप पानी चुहिएको चिसो बालुवा थुन्छेभरि बोक्नु तामाङको बाध्यता हो। ' बालुवा बेचेरै बाँच्नुपर्ने बाध्यता छ, हामीजस्ताका लागि के हिउँद के बर्खा ? बाढी आओस्, झरी परोस् तर यो बगरमा हाम्रो मजदुरीमा लात हान्ने प्रहरी कहिल्यै नआओस्। तामाङको पीडा छ। किनकी पटके घुमुवा प्रहरीले यी मजदुरसँग महिनावारी असुल्छ र समयमा पैसा नदिनेलाई पक्रेर लैजान् । हामी एक घनमिटर बालुवा बराबर पालिकालाई ३२० रुपैयाँ कर तिरिरहेका छौं-तर प्रहरीले लखेट्छ। गर्भअवस्थामा शरीरलाई धपेडी हुने काम गर्नुहुँदैन भन्ने मान्यतालाई बाध्यताको बर्कोले छोपेर अहोरात्र कोसीको भँगालोबाट चिसो बालुवा बोकी रहेकी रश्मिला थामीले भन्नुभयो- छोराछोरीको शिक्षादीक्षा र पालनपोषणका लागि खर्च जुटाउन यो सब गरिरहेको छु। यो मेरो बाध्यता हो। श्रीमान् एक्लैको कमाइले खान लाउन र बच्चालाई पढाउन सकिन्न ।

श्रोत: आइएनएस-स्वतन्त्र समाचार

# पत्रकार शिवहरिको कोशीमा अन्त्येष्ठी

मधेशदृष्टि
सप्तरी, १८ मंसिर ।



सप्तरीका वरिष्ठ पत्रकार शिवहरी भट्टराईको आईतवार कोशी ब्यारेजमा अन्त्येष्ठी गरिएको छ ।

शनिवार उनको सर्लाही स्थित पत्थरकोटको होलिडे होटलमा असमायिक निधनपछि अन्तिम संस्कारका लागि राजविराज ७ स्थित घरमा शव ल्याएर अन्त्येष्ठिका लागि लगिएको हो ।

कोशी ब्यारेज लगिनु अघि ६७ बर्षीय भट्टराईको पार्थिव शरिरलाई अन्तिम श्रद्धाञ्जलीका लागि दिउँसो १२:३० बजे नेपाल पत्रकार महासंघ शाखा सप्तरी ल्याईएको थियो ।

महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवणकुमार देव, पुर्वहरु अध्यक्ष विष्णुकुमार मंडल, वैद्यनाथ झा, मुरली प्रसाद यादव, धीरेन्द्र प्रसाद साह र जितेन्द्र खड्का सहितकाले उनको शरीरमा नेपाल पत्रकार महासंघको झण्डा ओढाएर फूल अविर अर्पण गरे भने भट्टराईलाई महासंघ शाखा सप्तरीका कार्यसमिति देखि साधारण सदस्य समेतले अन्तिम श्रद्धान्जली दिए ।

उनलाई अन्तिम श्रद्धाञ्जली दिन राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पुर्व प्रमुख निर्वाचन आयुक्त अयोधी प्रसाद यादव, पुर्व मन्त्री जयप्रकाश प्रसाद गुप्ता, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, उद्योग बाणिज्य संघ सप्तरीका पुर्व अध्यक्ष अरुण प्रधान लगायत सैयौं जना राजविराज ७ स्थित महासंघ कार्यालय अगाडी उपस्थित भए ।

नेपाल पत्रकार महासंघ शाखा सर्लाहीको साधारणसभामा सहभागि हुन जनकपुरबाट शुक्रवार साँझ लालबन्दीको पत्थरकोट स्थित होलीडे रिसोटमा पुगेका उनी शनिवार विहान ८:३० बजेतिर कोठामै मृत अवस्थामा फेला परेका थिए ।

२३ माघ २०७७ मा मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्षमा नियुक्त भई कामकाज गर्दे उनी महासंघ सप्तरीका संस्थापक अध्यक्ष थिए । काठमाडौ बाट प्रकाशित हुने 'तर्क साप्ताहिक' मा २०२८ सालबाट पत्रकारिता शुरु गरेका उनले ५ दशक लामो समय सम्म पत्रकारिता गरे ।

अन्तिम श्रद्धाञ्जली दिनेको ओइरो

मडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरीप्रसाद भट्टराईको पार्थिव शरिरमा अन्तिम श्रद्धाञ्जली दिनेको ओइरो लागेको छ । उनलाई जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेश नम्बर १ का स्वास्थ्य मन्त्री जयराम यादव, पूर्व मन्त्री रेणु यादव लगायतका व्यक्तिहरूले माल्यार्पण गर्दै अन्तिम श्रद्धाञ्जली दिएका छन् । उनीहरुले भट्टराईका धर्मपत्नी बिन्दु भट्टराई सहित परिवारजनसँग भेटेर सहानुभुति प्रकट गर्नु गरेका छन् ।

# घरेलु मदिरा बरामद

मधेशदृष्टि
वीरगंज १८ मंसिर ।

ईलाका प्रहरी कार्यालय सिमराले लाखौं मुल्य पर्ने मदिरा सहितको बागमती प्रदेश.-०३-००१ च १४६९ नम्बर को पिकअप गाडि नियन्त्रणमा लिएको छ ।

अमलेखगंजबाट जितपुर तर्फ जादै गरेको आउँदै गरेको अवस्थामा १ हजार ६ सय ४० लिटर अवैध घरेलु मदिरा सहित जितपुरसिमरा उपमहानगरपालिका वडा नं. ७ जीतपुर स्थित रातोपुलबाट प्रहरीले गाडि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रबक्ता एवं प्रहरी नायब उपरिक्षक राजेश थापाले जानकारी दिनुभयो ।

पिकअप गाडी चालक जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. १८ बस्ने वर्ष २५ को सनम कुमार महतलाई पक्राउ गरिएको र बरामद गरिएको घरेलु मदिराको बजार मुल्य २ लाख ३४ हजार ५ सय २० रुपैया रहेको थापाले बताउनु भयो । त्यस्तै जितपुरसिमरा उपमहानगरपालिका वडा नं. ०२ स्थित जगदम्बा स्टिल प्रा.लि.को पछाडीबाट अमलेखगंज देखि जितपुर तर्फ जादै गरेको ना.२ ह १२०५ न.को अटोमा रहेको मदिरा नियन्त्रणमा लिएको हो ।

१ सय ६० लि. घरेलु मदिरा सहित अटो, चालक जितपुर सिमरा उपमहानगरपालिका वार्ड नम्बर २२ बस्ने २३ बर्षिय अमित घलानलाई पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । नियन्त्रणमा लिएको मदिराको मुल्य २२ हजार ८ सय ८० रुपैया रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।



## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 129.82 | 130.42 |
| EUR (European Euro) | 1 | 136.54 | 137.18 |
| GBP (UK Pound Sterling) | 1 | 159.13 | 159.86 |
| CHF (Swiss Franc) | 1 | 138.79 | 139.43 |
| AUD (Australian Dollar) | 1 | 88.43 | 88.84 |
| CAD (Canadian Dollar) | 1 | 96.56 | 97.00 |
| SGD (Singapore Dollar) | 1 | 96.10 | 96.55 |
| JPY (Japanese Yen) | 10 | 9.67 | 9.71 |
| CNY (Chinese Yuan) | 1 | 18.48 | 18.57 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.54 | 34.70 |
| QAR (Qatari Riyal) | 1 | 35.47 | 35.64 |
| THB (Thai Baht) | 1 | 3.74 | 3.75 |
| AED (UAE Dirham) | 1 | 35.34 | 35.51 |
| MYR (Malaysian Ringgit) | 1 | 29.59 | 29.72 |
| KRW (South Korean Won) | 100 | 10.00 | 10.05 |
| SEK (Swedish Kroner) | 1 | 12.57 | 12.63 |
| DKK (Danish Kroner) | 1 | 18.36 | 18.44 |
| HKD (Hong Kong Dollar) | 1 | 16.68 | 16.76 |
| KWD (Kuwaity Dinar) | 1 | 423.49 | 425.44 |
| BHD (Bahrain Dinar) | 1 | 344.35 | 345.94 |

# जनकपुरधाममा विरोध प्रदर्शन

मधेशदृष्टि
जनकपुरधाम,मंसिर १८

काठमाडौं महानगरपालिकाले सुकुम्वासी वस्तीमा डोजर चलाउन गएपछि मेयर वालेन साहलाई लक्षीत गर्दै मधेशीलाई धोती भनेर अपमानजनक शब्द प्रयोग गरेको भन्दै जनकपुरधामका युवाहरूले विरोध प्रदर्शन गरेका छन् । काठमाडौंका सुकुम्बासीले मधेशीलाई गाली दिएको भन्दै मधेश प्रदेशको राजधानी जनकपुरधाममा युवाहरूले विरोध प्रदर्शन गरेका हुन् । जनकपुरधामका युवाहरूले मधेशी समुदायमाथि लक्षित गरी अपमानजनक शब्द प्रयोग नगर्न विरोध प्रदर्शनमार्फत सचेत समेत गराएको छ । युवा अभियन्ता आदर्श मण्डलले विगत केही समयदेखी मधेशी समुदायलाई लक्षित गरी काले, मदिसे, भैया, धोती जस्ता अपमानजनक शब्द प्रयोग हुने गरी सामाजिक सदभावमा खलल पार्ने काम भइरहेकोले त्यस्ता काम गर्ने व्यक्तिमाथि नेपालको प्रचलित कानुन बमोजिम कडा कारवाही गर्न माग गरेका छन् । मधेशी समुदायले नै देशका अधिकांश सिमानाकाहरूको रक्षा गरिरहेको भन्दै उनले मधेशी समुदाय देशको महत्वपूर्ण तथा गौरवशाली समुदाय रहेपनि समय समयमा यस्ता घटनाहरूबाट पीडित हुनुपरेकोले आगामी दिनमा यस्ता घटना नदोर्हायाउन चेतावनीसमेत दिए ।




## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक कार्य अघि बढ्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । शुभकार्यको चर्चा समेत चल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज आफन्तको सफलता र प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । शेयर बजारमा लगानी गर्नु उपलब्धीमूलक नहोला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
ाज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । ताकेको कार्य पुरा होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज नयाँ कामको थालनी हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । शुभ कार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज लाभहानी, सुखदु:ख बराबरी खालको समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ । ज्ञानमा वृद्धि पनि हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मित्र वा आफन्तको सहयोग मिल्नेछ । तीर्थाटनको योग पनि छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मन मिल्ने प्यारो साथीसँग भेट होला । नयाँ काम सुरु गर्ने मौका छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ । धर्मकर्ममा मन जानेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । नयाँ कामको थालनी होला । मान प्रतिष्ठामा वृद्धि होला । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# संसद्मा बहुमत पुऱ्याउन हामी नै निर्णायक हुन्छौं– सीके राउत



नेपाली जनताको लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रुपमा जनताका प्रतिनिधिद्वारा लेखिएको संविधान जारीपछि संसद्को दोस्रो कार्यकालका लागि भएको निर्वाचनको प्रारम्भिक नतिजा सार्वजनिक भएको छ । प्रतिनिधिसभा सदस्यको यही मङ्सिर ४ गते भएको आवधिक निर्वाचनबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १२ र समानुपातिकतर्फ सात राजनीतिक दलको सङ्घीय संसद्मा प्रतिनिधित्व हुने देखिएको छ ।

नतिजा सार्वजनिक भएसँगै नयाँ सरकार गठनका लागि अङ्कको जोड घटाउ तथा सघन वार्ता र संवाद सुरु भइसकेको छ । यसै सन्दर्भमा विगतमा मधेसका मुद्दा उठाएर भूमिगत राजनीति गर्दै आउनुभएका चन्द्रकान्त (सीके) राउतको जनमत पार्टी पनि यसपटक राष्ट्रिय पार्टीको मान्यताका साथ सदनमा प्रवेश गर्दैछ । लाउड स्पिकर चुनाव चिह्नमार्फत प्रत्यक्षतर्फ एक सिट तथा समानुपातिकतर्फ तीन लाख ९४ हजार पाँच सय १६ मत ल्याई मधेसमा उदयमान वैकल्पिक राजनीतिक शक्तिका रुपमा देखिएको छ । मधेस आन्दोलनका अगुवाका रुपमा स्थापित जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई विस्थापित गर्दै जनमत पार्टीका अध्यक्ष राउत पहिलोपटक सदन प्रवेश गर्न लाग्नुभएको हो । सप्तरी जिल्लाको महदेवा गाउँमा जन्मनुभएका राउत पेशाले इञ्जिनीयर हुनुहुन्छ । अध्यक्ष राउतले आफूहरुले उठाएका स्वास्थ्य, शिक्षा, सुशासन र किसानका मुद्दालाई जनताले हामीमाथि भरोसा राखेर निर्वाचनबाट अनुमोदन गरेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, “हामीले उठाएका मुद्दालाई विश्वास गरेर जनताबाट अनुमोदन भएकोछ, संसद्मा बहुमत पुऱ्याउनका लागि पनि हाम्रो सिट नै निर्णायक हुन्छ ।” निर्वाचनपछि नयाँ सरकार गठनका लागि दल र नेताबीच भइरहेको भेटवार्ता, सङ्ख्याको जोड घटाउलगायत समसामयिक विषयमा अध्यक्ष राउतसँग राष्ट्रिय समाचार समितिका उपप्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र समाचारदाता सिवी अधिकारीले लिनुभएको अन्तर्वार्ताका सम्पादित अंश यस प्रकार छ :

*निर्वाचनमा भाग लिनुभयो, राम्रो नतिजा हासिल गर्नुभएको छ, सर्वप्रथम त तपाईँलाई हार्दिक बधाई र शुभकामना । अहिलेको निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?*

निर्वाचन आफैँमा लोकतान्त्रिक प्रक्रिया हो, त्यसमा भाग लिन र जनमत हासिल गर्न पाउँदा निकै खुसी लागेको छ । जनमत हासिल गर्ने यो औपचारिक माध्यम हो । यसबाट हाम्रा एजेण्डा जनताबाट अनुमोदित छन् कि छैनन् भन्ने परीक्षण भएको छ । जनताले हामीमाथि भरोसा राखेर खरोरुपमा उत्रेकामा खुसी लागेको छ ।

*यहाँले राजनीति अघि बढाउँदाको अवस्था र अहिलेको परिवेश फेरिएको छ, यसलाई कसरी तुलना गर्नुहुन्छ ?*

विगतमा जनमत छ वा छैन भनी मापन गर्ने आधार थिएन । हामी राजनीतिक मूलधारको प्रक्रियामा पनि सहभागी थिएनौँ । आमसभा र कार्यक्रम हुन्थ्यो तर जनसमर्थन कति छ भनेर औपचारिक मापन थिएन । त्यसबेला सरकारबाट विभिन्न बाधा अड्चन हाल्ने काम हुन्थ्यो । अहिले मूलधारमा आइसकेपछि खुला राजनीति गर्न पाएका छौँ । जनताका बीचमा जान र एजेण्डा लैजान पाएका छौँ । निर्वाचनमा भाग लिएर जनताबाट अनुमोदित पनि भएका छौँ । शिक्षा, स्वास्थ्य र रोजगारीको एजेण्डालाई लिएर निर्णय गर्ने ठाउँतिर अघि बढेका छौँ । त्यो ठाउँसम्म पुग्नेछौँ ।

*अहिले राजनीतिक मूलधारमा आएपछि कस्तो महसुस गर्नुभएको छ ?*

अहिले खुला राजनीतिमा आएपछि जनतामाझ जान र कुरा बुझ्न पाइन्छ । निर्वाचनमार्फत जनमत पनि परीक्षण गर्न पाएका छौँ । त्यो एउटा व्यापक फरक अनुभूति हामीले गरेका छौँ । राज्य र संविधानले दिएको अधिकारको पूर्ण उपभोग गरेका छौँ ।

*पहिलोपटक आम निर्वाचनमा गइरहँदा यहाँले उठाएको एजेण्डालाई जनताले कसरी बुझेको पाउनुभयो, मतदाताको अपेक्षा के रह्यो ?*

जनताले हाम्रा एजेण्डालाई सकारात्मकरुपमा लिएको पाएका छौँ किनकी यसअघिका राजनीतिक दलले लोकतन्त्र, सङ्घीयता र गणतन्त्रजस्ता जति पनि एजेण्डा ल्याए, ती विशुद्ध राजनीतिक एजेण्डा मात्र थिए । यसबीचमा शिक्षा, स्वास्थ्य, रोजगारीका विषयलाई कसैले पनि प्राथमिकता दिएनन् । हामीले सेवा प्रवाहका अतिरिक्त भ्रष्टाचार न्यूनीकरण, सुशासन र किसानका मुद्दालाई उठायौँ, त्यसलाई जनताले सकारात्मकरुपमा ग्रहण गरेको अवस्था छ । यी मुद्दालाई अरुले नउठाएका कारण पनि जनमत पार्टी नै ठीक हो भनी जनताले विश्वास गरेका हुन् ।

*जनताले दिएको अभिमतलाई यहाँले अहिले कसरी ग्रहण गर्नुभएको छ र निर्वाचनलाई कसरी लिनुभएको छ ? यो निर्वाचनलाई सफल/असफल कसरी मापन गर्नुहुन्छ ?*

विगतको तुलनामा शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न भएको छ । निर्वाचन कम भड्किलो, संयमित र विश्वसनीय रहेको तथा आचारसंहिता पालनामा पनि प्रगति भएको भनी पर्यवेक्षकहरुले प्रतिवेदन बुझाएको अवस्था छ । जनताले हामीलाई जुन मत दिएका छन् त्यसलाई म परिवर्तनका लागि दिएको मान्दछु । त्यो जनमतलाई हामी खेर जान दिन्नौँ ।

*जनताको अपेक्षा एकातिर छ, तपाइँहरुको भूमिका अर्कोतिर छ । कानून बनाउने, नीति बनाउने भूमिका हो, जनताको माग सिँचाइतर्फ देखिन्छ यसलाई कसरी तालमेल मिलाउनुहुन्छ ?*

आम बुझाइ त्यस्तै छ तर संसद् भनेको खाली ऐन कानुन बनाउने थलो मात्रै होइन । मुलुकका यावत् समस्या सम्बोधन गर्न के कस्तो नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ भनी गहन छलफल र मन्थन गर्ने ठाउँ पनि संसद् नै हो भन्ने महत्वपूर्ण पक्षलाई कसैले बिर्सन हुँदैन । संसद्मा पुगेर नै आफ्नो नीति कार्यान्वयन गर्न सकिन्छ । त्यहीँबाटै नीति योजना कार्यक्रम पारित हुने हो नि । उदाहरणका लागि भनौँ, अझै पनि धेरै बालबालिकाले आधारभूत शिक्षा पाउन सकेका छैनन् भने किसाले मलबिउ नपाएको अवस्था छ । त्यसैले बालबालिका लागि राष्ट्रिय साक्षारता कार्यक्रम तथा किसानका लागि मलखादका विषय संसद्मा आवाज उठाउने र त्यसका लागि आवश्यक बजेट विनियोजन गर्न सकिन्छ । संसद् जनप्रतिनिधिले उठाएका मुद्दा सम्बोधन गर्ने थलो पनि हो ।

*निर्वाचन परिणाम, मिलिजुली सरकार र उठेको अस्थिरताको आशङ्कालाई यहाँले कसरी विश्लेषण गर्नुहुन्छ ? सरकार गठनमा यहाँको दलको भूमिका के रहन्छ ?*

हामीले विगतमा दुई तिहाइ बहुमतको सरकार देखिसकेका छौँ । दुई तिहाइ आउँदैमा त्यो स्थिर हुन्छ भन्ने पनि रहेन । बहुमत आउँदैमा र सरकार बन्दैमा राजनीति स्थिर हुन्छ भन्नै पनि छैन । अहिले कसैको पनि स्पष्ट बहुमत नआएको अवस्था छ । त्यसको पनि एउटा सकारात्मक पक्ष छ, यसले पार्टी विशेषलाई अह्म पाल्न दिँदैन । सबैलाई मिलाएर जानुपर्छ, सानाभन्दा साना दल र आवाजका मुद्दालाई समेटेर जानुपर्छ भन्ने सन्देश दिएको छ । सहमति र सहकार्यको आवश्यकतालाई नै जनताले जोड दिएका छन् । मूल कुरा भनेको नियत हो, राजनीतिक दल र नेताका नियत सफा भएमा दीर्घकालीनरुपमा जान सकिन्छ । जनमत पार्टीले अहिले ल्याएको सिट सङ्ख्या निर्णायक छ । सरकार गठनका लागि संसद्मा बहुमत पुऱ्याउनका लागि हाम्रो छ सिट निर्णायक हुन्छ । प्रदेशमा पनि जनमत पार्टीको समर्थन बेगर सरकार बन्नसक्ने अवस्था रहन्न । हामी नजाँदा सरकार नै बन्दैन, त्यो भनेको ‘डेड्लक’को अवस्था हुन्छ । हाम्रो जिम्मेवारी भनेको निकास दिनु हो, हामी दिन्छौँ । जसले हाम्रो शिक्षा, स्वास्थ्य र रोजगारीका माग र मुद्दालाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्छन् उसलाई नै हामी पनि समर्थन गर्छौं ।

*अहिलेको अवस्थामा अरु राजनीतिक दललाई के भन्नुहुन्छ, मतदातालाई के सन्देश छ ?*

अन्य राजनीतिक दललाई के भन्न चाहन्छु भने यसभन्दाअघि जे जति भए, जे जस्तो गर्नुभयो त्यसका लागि धन्यवाद दिन चाहन्छु । जनताले निर्वाचनमार्फत अहिले परिवर्तन खोज्न दिएको सन्देश आत्मसात् गर्नुस् । अन्यथा गरिए राजनीतिक दलहरुप्रति विद्रोह र वितृष्णा अझ बढेर जान सक्छ । अहिले सच्चिने मौका छ । सबैले जनमतको कदर गरौँ । सेवा प्रवाह र जनताका माग मुद्दालाई केन्द्रित भएर अघि बढौँ । जनमतको कदर गर्दै उनीहरुको सेवामा समर्पित होऔँ । जनताले पनि दलहरुलाई निरन्तर खबरदारी र निगरानी गरिरहनु पर्छ ।

*संसद् र सरकारमा प्रवेश गरेपछि यहाँको पहिलो एजेण्डा के हुन्छ ?*

संसद् र सरकारमा प्रवेश गरेपछि सेवा प्रवाहमा हाम्रो ध्यान केन्द्रित हुन्छ । अहिलेको अवस्थामा बेरोजगारी प्रमुख समस्या हो । लाखौँ युवा विदेसिन बाध्य भएका छन् । रोजगारी देशभित्रै सिर्जना गरिनुपर्छ । साक्षरता दर बढाउने, स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय तुल्याउने, सुशासन कायम र भ्रष्टाचार नियन्त्रण गर्ने, सेवा प्रवाहमा ढिलासुस्ती हटाउनेजस्ता एजेण्डा नै हाम्रा प्राथमिताहरु हुन् । तिनकै कार्यान्वयनका लागि हाम्रो पहल हुनेछ ।

*तपाइँहरु मधेसको वैकल्पिक शक्तिका रुपमा उदाउनुभएको छ, यो अवस्थामा मधेसका अन्य शक्तिहरुसँगको सहकार्यको योजना के छ ?*

सहकार्य जोसँग पनि हुनसक्छ, हामीले पाएको जनमत एक्लै निर्णायक छैन । कसै न कसैसँग सहकार्य गरेरै सरकार बनाउनुपर्ने हुन्छ । त्यसकारण सहकार्य गर्ने सम्भावना जोसँग पनि हुन्छ । मूल विषय भनेको हाम्रा माग र मुद्दाप्रति सकारात्मक हुनुपऱ्यो । हामी केवल मन्त्री बन्न र सरकारमा जानैका लागि मात्रै आएका हैनौँ । जनताका लागि काम गर्ने उपयुक्त वातावरण बनाउन सक्नुपर्छ । अब पनि जनतालाई गुमराहमा पार्नु हुँदैन, निकास दिन सक्नुपर्छ । (रासस)

# सिरहा : प्रहरीकै आँखा अगाडि बढ्दो गाँजा खेती

मुकेश कुमार यादव
सिराहा, मंसिर १८ ।

सिरहामा प्रहरी प्रशासनकै मिलोमतोमा प्रतिबन्धित लागु औषध गाँजाको खेती गर्ने र व्यापक रुपमा तस्करी हुने गरेको पाइएको छ। जिल्लाको पुर्व पश्चिम लोकमार्ग अर्न्तगत पर्ने कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई र लाहान नगरपालिकाको उत्तरी चुरे क्षेत्रमा वर्षौ देखि किसानहरुले व्यापक रुपमा अवैध गाँजा खेति गर्ने र तस्करहरुले खुल्ला सीमानाकाको बाटो प्रयोग गरी गाँजा भारत तर्फ तस्करी गर्ने गरेको पाइएको हो।

किसानले लगाइएको गाँजाको बोट प्रहरीले केहिमात्रामा फडानी गरेपनि गाँजा तस्करी हुनेक्रम अझ रोकिएको छैन। यस क्षेत्रमा अहिले पनि स्थानिय प्रहरीसंगको आर्थिक वार्गेनिङ्ग नमिल्दामात्र गाँजा खेती फडानी हुने गरेको स्थानीय बताउँछन् । चुरे क्षेत्रमा पर्ने सिराहाको नजिकका उदयपुर जिल्लाको खसिवास, आमवास, गाइघाट बजारहरुबाट पनि तस्कर हरुले गाँजा खरिद गरी सिरहाको चुरे क्षेत्रको गाउँहरुमा भण्डारण गरी तस्करी गर्ने गरेको नाम परिर्वतन श्याम सुन्दर यादव बताउँछन् । उनले भने, ‘सिरहाको उतरी क्षेत्रमा पर्ने बन्दिपुर, बस्तिपुर, मिर्चैया , गोबजारको गोला मुक्सार, मुसहर्निया, घुर्मिघाट, धनगढीमाईको सोमवारे बजार, कसहा, मलहन्मा र लाहान नगरपालिकामा पर्ने खोलाहरुको बाटो प्रयोग गरी तस्करहरुले भारत पुर्याउने गरेका छन् ।’ उनले थपे, ‘सीमानाकामा कामगर्ने प्रहरी अधिकारीहरुलाई लाइन तिरेर तस्करी हुने गरेको छ।’

भारतीय तस्करहरुले गाँजाखेती गर्नको लागी नेपालका किसानहरुलाइ आग्रीम ‘एडभान्स’ रुपमा रकम दिएर गाँजा खेती लगाउने गरेको समेत यादवले दावी गरे। उनले भने, ‘ गाजा तयार भएपछि अनुकुलतामा तस्करहरुले किसानहरुको घरघरमा गइ २ किलो देखि ५० किलो सम्म खरिद गरि भरिया वा अन्य साधन प्रयोग गरी भारत बजारमा लगी विक्रिवितरण गर्ने गर्छन् ।’ गत वुधवार मात्रै उदयपुर प्रहरीले ६० केजी प्रतिवन्धित लागु औषध गाँजा सिराहाको मिर्चैयातर्फ ल्याउदै गर्दा गाँजा सहित एक युवकलाई पक्राउ गरेको छ । कटारी नगरपालिका ६ साँगुरीबाट करिब ६० केजी गाँजा सहित ताप्ली गाउँपालिका २ धपनेका २७ वर्षीय सरोज राईलाई बुधबार पक्राउ गरेको हो । राईले ताप्लीबाट सिराहाको मिर्चैयातर्फ ३ वटा बोरामा उक्त परिमाणको गाँजा लैजादै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको जनाएको छ।

त्यसैगरी, गत श्रावन ३१ गते सिरहा प्रहरीले पूर्व-पश्चिम राजमार्गमा चेकजाँचको क्रममा एम्बुलेन्समा लुकाएर लाने क्रममा ९० किलो गाँजा र नगदसहित एम्बुलेन्सचालकलाई पक्राउ गरेको थियो।

लहानस्थित ट्राफिक प्रहरी कार्यालय अगाडि इलाका प्रहरी र जिल्ला ट्राफिक प्रहरीको संयुक्त गस्ती टोलीले चेकजाँचको क्रममा पूर्वबाट पश्चिमतिर आउँदै गरेको को.१च ७५७७ नम्बरको एम्बुलेन्समा ९० किलो गाँजा र चालकको साथमा रहेको २८ हजार रुपैयाँ नगद सहित पक्राउ गरेको थिए ।

घटनाले अझै गाँजा तस्करीको पुष्टि सराहामा चालु आर्थिक वर्षमा प्रतिबन्धित लागु औषध गाँजाको १० वटा मुदामा १५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका नि.प्रवक्ता (प्रहरी निरिक्षक) शंकर प्रसाद चौधरीले जानकारी दिए । उनका अनुसार हालसम्म जम्मा १ सय ४ किलो गाँजा सहित १५ जना मध्ये केही विकेता र केही सेवन कर्तालाई पक्राउ गरिएको छ । उनले भन्ने ‘सिराहा जिल्ला भरीमा अहिलेसम्म अन्दाजी करिव ७ विघामा अवैध रुपमा लगाइएको गाँजाको बोट फडानी गरी नष्ट गरिएको छ ।’

प्रहरीले केही मात्रामा अवैध रुपमा लगाइएको गाँजाको बोट फडानी गरि नष्टगरे पनि सिराहा जिल्लाभरीमा अहिलेपनि करिव ५० औं विघा जग्गामा गाँजा खेती भइरहेको स्रोतको दावी छ । नेपालमा एक किलो गाँजाको ७ हजार देखि १५ हजार सम्म विक्री हुन्छ भन्ने सोहि गाँजा भारतीय बजारमा ‘क्वालिटि’ अनुसार १२ हजार देखि २५ हजार सम्म प्रति किलोका दरले भारतीय रुपैयामा बिक्री वितरण हुने गर्दछ ।

सिरहामा गाँजा पकेट क्षेत्रहरुमा प्रहरीको बाक्लै आवतजावत हुने गरेको छ । प्रहरीहरु औपचारिक, अनौपचारिक रुपमा जिल्लामा गस्ति गरिरहने भएपनि गाँजा लगाएका खेतबारीहरु देखेको नदेखे झैं गर्दछन् । स्थानीय, प्रहरीले देखेर पनि नदेखेको जस्तो गरेकोले सबै कामकुरा मिलोमतोमा भैरहेको हुनसक्ने बताउँछन् ।

सन् १९६१ को मार्चमा संयुक्त राष्ट्रसङ्घको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि 'सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग १९६१' पारित गरेको थियो। जसले गाँजालाई लागुऔषध मान्दै प्रतिबन्ध लगायो। नेपालले सो अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागु औषध नियन्त्रणसम्बन्धी कानुन बनायो । त्यसमा गाँजाको खेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय अपराध मानियो । पाँचचोटि संशोधन भइसकेको सो ऐनले २५ बोट गाँजा खेती गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना तोकेको छ। सो भन्दा बढी खेती गर्नेलाई तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँ जरिवाना हुन सक्छ। उक्त ऐनअनुसार ५० ग्रामसम्म गाँजा राखे तीन महिनासम्म कैद र तीन हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने ऐनमा उल्लेख गरिएपनि तराईका जिल्लाहरुमा सम्बन्धीत निकायको निरीहताका कारण गाँजाखेती र तस्करी भने दिन प्रतिदिन फस्टाई रहेको अवस्था छ ।



# अस्पतालमा प्रभावकारी रुपमा उपचार हुनु पर्दछ : सांसद साह

मधेश दृष्टि
कलैया १८ मंसिर

बारा निर्वाचन क्षेत्र नम्बर ३ का संघीय संसद ज्वालाकुमारी साहले प्रादेशिक अस्पताल कलैयामा बिरामीको उपचार सहज र प्रभावकारी रुपमा हुनुपर्ने माँग गरेकी छन् ।

अस्पतालमा बिरामीहरूसंग भेटघाट गर्दै अस्पतालमा जुन प्रकारले बिरामीहरुलाई उपचार गर्नुपर्ने हो त्यसमा कमी कमजोरी रहेको बताउँदै उपचारमा अझै सुधार गर्नुपर्ने कुरामा जोड दिईन ।

पछिल्लो समय अस्पतालमा स्वास्थ्यकर्मीहरुले बिरामीहरुलाई उपचार गर्नेमा कमी कमजोरी रहेको जन गुनसाहरु बढ्दै जादा पुर्व मन्त्री समेत रही सकेकी साँसद साह सहित निर्वाचन क्षेत्र नम्बर ३ का प्रदेशसभा ख का प्रदेश साँसद महम्मद समिर र प्रदेशसभा क का प्रदेश साँसद रविन्द्र श्रेष्ठसंगै अस्पतालको अनुगमन गरेका थिए । सो अवसमा बिरामीहरुले अस्पतालमा भोग्दै आएको समस्याहरुका बारेमा चासो ब्यक्त गरेकी थिईन ।

नेपाल सरकारबाट मान्यता प्राप्त ५० शैय्याको अस्पतालमा ९० बेड को सेवा दिनु सराहनीय रहेकोमा साँसद साहले प्रशंसा समेत गर्दै सेवालाई अझै बिस्तार गर्नुपर्ने सुझाव समेत दिईन । अस्पतालमा गर्भवतीको अप्रेसन गर्न, दुर्घटनाबाट ग्रसितहरूको लागि चाहिने रगतको अभावले बिरामी रेफर गर्ने कार्यको तुरून्त समाधान गरि रक्त केन्द्रको स्थापना गर्नका लागि आफुले सक्दो पहल गर्ने प्रतिवद्धता ब्यक्त गरिन । अस्पतालमा कमी रहेको जनशक्तिका लागि आफुले सम्बन्धीत निकायसंग पहल गर्ने कुरामा जोड दिएकी थिईन । तीनै तहको सरकारमा नेकपा एमालेको प्रतिनिधि रहेकोले हामी झन हातेमालो गर्दै अस्पतालको उन्नती पहिला भन्दा बढी गर्ने हाम्रो चाहना रहेको नव निर्वाचित प्रदेश साँसद महमद समिरले बताए । अस्पतालमा आउने बिरामी र उनका कुरुवाहरुसंग राम्रो ब्यवहार गर्न अस्पतालमा कार्यरत सबैलाई प्रदेश साँसद रबिनदास श्रेष्ठ आग्रह गरे । बेथितीहरुलाई बिस्तारै सुधार गरि स्वास्थ्य सेवा प्रभावकारी बनाउनमा सबै जना दतचित भई लाग्नुको बिकल्प नरहेको प्रदेश साँसद श्रेष्ठको कथन रहेको थियो ।

अस्पताल जस्तो संवेदनशील क्षेत्रको सुधारको लागिअस्पताल प्रशासन र नव निर्वाचित प्रतिनिधिहरूसँग सोमवार बैठक बसी समस्या समाधानका लागि अग्रसर हुने अस्पताल निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सुनिल जैयसवालले जानकारी दिए । कलैया अस्पताल बिकास समितिका अध्यक्ष प्रकाश चौगाईले अस्पतालको सुधारका लागि आफु पुर्णरुपमा लागि परेको बताए ।

# नगराईनमा आन्दोलन

मधेशदृष्टि
जनकपुरधाम, मंसिर १८

धनुषाको नगराइन नगरपालिकामा तालावन्दी गरिएको छ । नगरपालिकामा कार्यरत कर्मचारीहरुले लामो समयदेखि तलब नपाएको भन्दै आइतवारदेखि नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको जनाइएको छ ।

आफूहरूको बाँकी रहेको तलब यथाशिघ्र उपलब्ध गराउन माग गर्दै कर्मचारीहरू तालाबन्दी गरेर धर्नामा बसेका छन् । कर्मचारीहरूको आन्दोलनप्रति लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ऐक्यबद्धता जनाएको छ । लोसपा नेता राजु चौधरीले भने, ‘जनताहरू पहिला देखि नै समस्यामा छन् । बृद्धभत्ता नपाएको थुप्रै महिना भयो, किसानहरूले मलखाद्य नपाएको पनि थुप्रै महिना बित्यो, कित्ताकाट रोक्का गरिएकोले धेरै जनाले समस्या भोगिरहेका छन् । सेवाग्राहीहरू सेवाबाट वञ्चित भएका छन् । त्यसको निकासका लागि लोसपा नेपालले विभिन्न चरणमा दबाबमूलक कार्यक्रमहरू गर्दै आइरहेकोले यस आन्दोलनलाई नैतिक समर्थन गर्नु हाम्रो कर्तव्य पनि हो ।’उनले जनतालाई थप पीडा र समस्या नहोस् भन्ने कुरालाई पनि ख्याल राखिदिन आन्दोलनरत कर्मचारीसँग आग्रह गरेका छन् ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००/- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## सम्पादकीय

# हामी के हुने उपभोत्तावादी कि उत्पादनवादी ?

भारतले धान चामल निर्यातमा रोक लगाएपछि केही महिना यता बन्द रहेको आयात आम निर्वाचन पछि खुलेको छ । अयात खुलेको दुई साताको तथ्याङ्कले आयात ह्वात्त बढेको देखिन्छ । मंसिर ५ देखि १७ सम्मको २ साताको तथ्याङ्क अनुसार १ हजार ९ सय ४० ट्रक धान चामलका ट्रक आएका छन् । जसमा १ हजार ९ सय १२ ट्रक धान र २८ ट्रक चामल रहेको छ । धान चामल आयात हुन थालेपछि वीरगंज नाकामा मालवाहक गाडीको आवत जावतको चाप बढेको छ । पहिला दैनिक ४ सय ५० को हाराहारीमा मालवाहक सवारी आउँने गरेकोमा बढेर ५ सय देखि ५ सय ५० ट्रकसम पुगेको छ । नेपालका लागि भारतले यो वर्ष ६ लाख मेट्रिक टनमात्र धान चामल निर्यात गर्ने भएकोले व्यापारीहरुले हतार हतार आयात गरिरहेको देखिन्छ।

नेपालीको मुख्य खाना दाल भातनै भएकोले धान चामलमा चासो हुनेनै भयो । आन्तरिक उत्पादनले नधानेपछि आयात गर्नुको विकल्प रहदैंन । कुनै बेला नेपालबाट ठूलो परिणाममा धान भारत निर्यात हुन्थ्यो । मधेशका बुढापाका आफ्नो समयमा बोराकाबोरा धान भारत तर्फ निर्यात गरेको अनुभव सुनाउँछन् । अहिले हामी विपरित अवस्थामा छौं । भारतले कडिकडाउ गर्यो भने हामीलाई अप्ठारो परिहाल्दछ । नेपाल सरकारको लगातारको आग्रह पछि भारतले निश्चित कोटा धान चामल आयात गर्नसक्ने अनुमती दिएको हो ।

धान चामल आयातका आँकडाबीच हामी यता के गर्दै छौं त ? रासायनिय मलको अभाव झेल्दै छन् किसान । गुहँ र तेलहनका लागि आवश्यक मलखाद र बीउ नेपालमा नपाएपछि लुकिचोरी भारतबाट ल्याएर नेपालमा बिक्री भइरहेको छ । स्थानीय तहको सिफारिसमा स्थानीय कृषि संस्थाहरुले बेच्नुपर्ने मल बीउ अपुग त छँदैछ, त्यसमाथी पक्षपातपूर्ण वितरणका समाचार आइरहेका छन् । राजनीतिक दलसँगको आवद्धता, चिनजान, नातागोत र प्रभाव हुनेहरुले सहजै पाउँने तर सामान्य किसानले महगोमा पारीबाट आएका मल बीउ किन्नुपर्ने वाध्यता देखिएको छ । कुन समयमा कस्ता कस्ता मल चाहिन्छ, कुन बीउ आवश्यक हुन्छ, त्यसै अनुसार व्यवस्थापन गर्ने क्षमता नेपालमा कहिल्यै विकसित हुन सकेन। तदर्थ वादमा हामी अभ्यस्त छौ । हाम्रा लागि सबै थोक सामान्य बन्छन् । गहुँकै कुरा गरौं, चुनाव अघि गहुँ छरेका किसानलाई युरिया चाहिएको छ । भर्खर गहुँ छर्न खोज्नेहरुलाई डिएपि चाहिएको हुन्छ । तर, किसानको आवश्यकता अनुसारका मल धेरै ठाउँमा पाइदैन । कतै युरिया छ, डिएपि छैन । कतै डिएपि पाइन्छ, युरिया हुँदैन।

व्यवस्थापन अक्षमताको प्रदर्शन हो यो । किसानलाई युरिया, डिएपिको रटान लगाएकोले अधीकांशलाई बोट विरुवालाई पोटास, म्याग्नेसियम, फलाम लगायतका तत्वबारे ज्ञान छैन । भगवान भरोसे चलेको कृषि पेशामा उत्पादकत्व घट्दो छ, घाटा लाग्यो भन्दै खेतवारी बाँझो राख्ने किसानहरुको संख्या भने बढ्दो छ । यता धान चालम आयात भैरहेको ठाउँका किसानको नियती बेग्लै छ । अहिले किसानको आम्दानी भनेको धान हो । तर, उचित मूल्य पाउँदैनन् उनीहरु ।धानको मूल्य वर्षेनी कम हुन्छ श्रम र लागत जोडदा । उपभोत्ताको हिसावले चामलको मूल्य वर्षेनी बढ्दै गएको देखिन्छ । किसान पनि मारमा उपभोत्ता पनि मारमा ।

किसान हकहित सघर्ष समिति पर्साले धानको समर्थन मूल्य नपाएको भन्दै प्रमुख जिल्ला अधिकारी मार्फत केन्द्रीय सरकारलाई ज्ञापनपत्र दिएका छन् । सरकारले तोकेको भाउँ व्यापारीले नदिने । सरकारी स्वामित्वको खाद्य संस्थान धान किन्न नचाहने । सरकारले धानको मूल्य प्रतिक्विण्टल ३ हजार १ सय ८६ तोकेको छ । खाद्य संस्थानले समर्थन मूल्यमा धान किन्न थालेको थियो भने त्यहीँ आधारमा मूल्य कामय हुन्थो । सरकारी स्वामित्वको खाद्य मौन छ । व्यापारीहरु तोकेको भन्दा प्रति क्लिण्टल ६, ७ सय कममामात्र किन्ने भएकोले मारमा किसान परेका छन् ।

खासमा हामी उपभोत्ता वादी हौं । सरकार पनि उपभोत्तावादी चरित्रलाई पक्षपोषण गरिरहेको छ । युवा जति विदेशमा हातपाखुरा चलाउने । उनीहरुले पठाएको पैसाले नेपालमा बस्नेहरु किनेर खाने । हाम्रो राष्ट्रिय चरित्र हो उपभोत्तावाद । सधै यसरी चल्दैन ।नेपाली उत्पादनवादमा उन्मुख हुन ढिलो भैसक्यो । उत्पादनवादमा उक्लिन धेरै गर्न पर्दैन । आवश्यक सिंचाई, मल, बीउ, प्रविधी र प्राविधिक जनशक्ति सरकारले उपलब्ध गराउने र किसानले मेहनत गर्ने गराउने हो भने उपभोत्तावादीबाट उत्पादनवादी बन्न धेरै समय लाग्दैन । यसका लागि इच्छाशक्ति आवश्यक हुन्छ । उत्पादनवाद उन्मुख अभियान कुनै स्थानीय तहले पनि गर्नसक्छन् । योजना र इच्छाशक्ति भयो अहिलेको अवस्थामा चाडैं परिवर्तन संभव छ ।

# व्यवसायीक योजना र यसको महत्व

**व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफा आर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो । व्यवसाय स्थापनाका लागि ४ वटा महत्वपूर्ण चरणहरु पार गर्नुपर्ने हुन्छ ।**



– जीवन लामिछाने

व्यवसाय भन्नाले आय आर्जन गर्नको लागि मानिसद्वारा गरिने आर्थिक क्रियाकलापलाई जनाउँछ । हामीले समाजमा स-साना पसलहरू देखि लिएर ठुल-ठुला कल कारखानाहरू सञ्चालनमा आएको देख्न सक्छौं । मानिसहरूले आफ्नो जीविकोपार्जन गर्नको निमित्त कुनैकुनै आर्थिक क्रियाकलापहरूमा संलग्न रहेको पाउछौं । उनीहरूले पुँजी लगानी गरी जोखिम बहन गरे बापत त्यसबाट नाफा कमाउने उदेश्य लिएका हुन्छन् । यसरी व्यवसाय भनेको मुनाफा कमाउने उदेश्यले मानिसद्वारा गरिने आर्थिक क्रियाकलाप हो । व्यवसायको साब्दिक अर्थले व्यस्त भैरहने अवस्थालाई जनाउँछ तर पनि सबै किसिमको व्यस्ततालाई व्यवसाय भन्न मिल्दैन । व्यवसाय हुनको लागि लगानी गरेर जोखिम बहन गरी नाफा कमाउने उदेश्यबाट व्यस्त रहेको हुनुपर्छ । कुनै पनि व्यवसायको प्रमुख उद्देश्य ग्राहकको आवश्यकता परिपूर्ति गर्ने किसिमको वस्तु वा सेवा उपलब्ध गराउने हुनुपर्छ ।

यस्तो भएमा मात्र नाफा आर्जनमा निरन्तरता आउँछ । त्यसकारण व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफा आर्जन गर्नका लगि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो । व्यवसाय स्थापनाका लागि ४ वटा महत्वपूर्ण चरणहरु पार गर्नुपर्ने हुन्छ ।

१.अवसरहरुको पहिचान गर्नु ।
२. साधन तथा स्रोत एकीकृत गर्नु ।
३.उपलब्ध सीप र प्रविधिको उपयोग गर्नु ।
४. व्यवसाय सृजना, कार्यान्वयन तथा व्यवस्थापन गर्नु ।

५. व्यवसायको उद्धेश्यहरु
नाफा आर्जन गर्नु पुँजी लगानी र जोखिम बहन गरे बापत प्रतिफलको रूपमा प्राप्त हुने पुरस्कार नै नाफा हो । नाफा नै व्यवसायको प्रमुख उदेश्य हो । नाफाद्वारा नै व्यवसायको बचावट विकास स्थिरता र ख्याति सम्भव हुन्छ ।

६. ग्राहकको सृजना गुणस्तरीय
व्यवसायले गुणस्तरिय वस्तु तथा सेवा उचित मुल्यमा उपलब्ध गराई ग्राहकको सृजना गर्न सक्नु पर्दछ, भने भएका ग्राहकहरूलाई पनि सन्तुष्टिका मात्रा बृद्धि
कायम राख्न सक्नु पर्दछ ।

७. नवप्रवर्तन
नयाँ वस्तु सुरुवात, नयाँ उत्पादन र वितरण प्रणाली अनि नयाँ बजार र रणनितिको अविष्कार गर्नुलाई नवप्रवर्तन भनिन्छ । यसद्वारा उच्च गुणस्तरका वस्तुहरू र सेवाहरू थोरै मुल्यमा प्राप्त भई ग्राहकहरूको सन्तुष्टि सम्भव हुन्छ ।
अतः नवप्रवर्तन गर्नु व्यवसायको मुख्य आर्थिक उदेश्य हो ।

८. उच्च उत्पादकत्व
थोरै स्रोत र साधनको उपयोग गरी धेरै उत्पादन गर्नु उत्पादकत्व हो । उच्च उत्पादकत्व कायम गर्नु पनि व्यवसायको प्रमुख आर्थिक उदेश्य हो ।

९. बजार विस्तार
निरन्तर रूपमा गुणस्तरिय बस्तु तथा सेवा प्रदान गर्दै ग्राहकहरूको सन्तुष्टिमा अभिवृद्धि गरी बजार विस्तार गर्ने व्यवसायको प्रमुख उदेश्य हुन्छ ।

१०. रोजगारीहरूको अवसर हरूको सृजना
व्यवसायले स्थानिय व्यक्तिहरूलाई रोजकारका अवसरहरु प्रदान गरी समाजमा रहेको बेरोजगारी समस्यालाई कम गर्नु पर्दछ ।

११. अनुचित व्यापार नगर्नु
व्यवसायले कानुनी रूपमा आफ्ना क्रियाकलापहरू सञ्चालन गरी नाफा कमाउनु पर्दछ । गैर कानुनी कुरा जस्तैः(कालो बजारी, झुट्टा विज्ञापनहरू, मिसावट गर्नु हुदैन । त्यसैले उचित व्यापार गर्नु व्यवसायको प्रमुख सामाजिक उदेश्य हो ।
जीवन स्तरमा सुधार गर्नु व्यवसायले विभिन्न किसिमका समाजिक क्रियाकलापहरूमा योगदान दिदै आफू कर्यरत समुदायका मानिसको जीवन स्तरमा सुधार ल्याउन सहयोग गर्नु पर्दछ ।

१२. उत्प्रेरणा
उत्प्रेरित कर्मचारीहरू भएमा मात्र सङ्गठनका लक्षयहरू प्रभावकारी रूपमा प्राप्त हुन्छ । उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई विभिन्न किसिमका पदकहरू नगद पुरस्कार, प्रमाण पत्र र पदोनतीको व्यवस्था गरी कर्मचारीमा उत्प्रेरणा जगाउन सकिन्छ । रुचि भएको काममा चुनौतिपुर्ण कामको जिम्मा दिएर पनि उत्प्रेरणा जगाउन सकिन्छ ।

व्यवसायको छनौट प्रक्रिया
उपयुक्त तथा संभाव्य व्यवसायको छनोट गर्नु एउटा जटिल प्रक्रिया हो । हरेक व्यक्तिको चालचलन, इच्छा, क्षमता, उद्देश्य तथा भविष्यको लक्ष्य फरक फरक हुन्छ । त्यस्तै
भिन्दाभिन्दै व्यवसायको लागि भिन्दाभिन्दै किसिमको सक्षमता आवश्यक पर्ने हुन्छ । जसले गर्दा एउटा व्यक्तिको लागि उपयुक्त व्यवसाय अर्को व्यक्तिको लागि अनुपयुक्त हुनसक्छ ।
मानिसहरुको मूल्य तथा मान्यताहरु पनि व्यक्ति व्यक्तिको फरक हुन्छ । फलस्वरुप मानिसहरुको व्यवसाय गर्नुको उद्देश्य पनि फरक हुन्छ । कुनै व्यक्ति आफ्नो सामाजिक प्रतिष्ठा बढाउने उद्देश्यले व्यवसाय गरेको हुनसक्छ भने कसैले आफ्ना परिवारका
सदस्यहरुलाई रोजगारी दिन त कसैले आफ्नो पुख्यौंली परम्परा कायम राख्न । त्यसैले व्यक्ति र उसको व्यवसायमा तालमेल गर्न व्यवसाय छनोट गर्दा उसले आफ्नो क्षमताको साथसाथै व्यवसायबाट आफूले राखेको आशा अपेक्षालाई ध्यान दिनुपर्दछ । तसर्थ हरेक व्यक्तिले आफू र आफ्नो व्यवसायमा तालमेल गर्नु अघि आफ्नो भविष्यको लक्ष्यलाई ध्यानमा राख्नु पर्दछ ।

व्यवसायिक योजना भनेको के हो ?
के गर्ने वा नगर्ने भन्ने प्रश्नले नेपाली कृषकहरूलाई प्रायः पिरोलिरहेको हुन्छ । अधिकाशं कृषकहरू खेती व्यवसायमा केहि नयाँ एवं चुनौतिपुर्ण तर नाफामलूक गतिविधि गर्न चाहन्छन् । तर, प्राविधिक ज्ञान, शीपको कमि, जोखिम लिने कम क्षमता र प्रतिफलको अनिश्चितता जस्ता कारणहरूले गर्दा उनीहरू नयाँ गतिविधि शुरू गर्न अनिच्छुक हुन्छन् ।
कुनै पनि व्यवसाय वा त्यस अन्तगर्त कुनै गतिविधि शरू गर्नुअघि उक्त व्यवसाय वा गतिविधि वारे बुझेको हुनु पर्दछ । कृषक वा उद्यमीहरूले कुनै व्यवसाय वा उद्यम सञ्चालन गर्नुपुर्व यसको बजार सम्भाव्यता, उत्पादनस्तर, सम्भावित खर्च, पुजिँको आवश्यकता, काननुी पक्ष, सम्भावित अवसर तथा जोखिमहरू बारे राम्ररी बुझेको हुनुपर्छ ।
यिनै कुराहरूलाई समेटी विकास गरिएको योजनालाई नै व्यवसाय योजना भनिन्छ । कसै कसैले व्यवसाय योजनालाई व्यवसाय स्किम् पनि भन्ने गर्छन् । यसरी व्यवसाय योजनालाई कुनै उद्यम वा व्यवसायको सडक मार्गचित्र तथा रूपरेखाको रूपमा लिइन्छ ।
व्यवसाय योजनामा कति परिमाणमा वस्तु उत्पादन गर्ने, वस्तु कहिले र कहाँ विक्री गर्ने, लक्षित ग्राहक को हुन, उत्पादन लागत कति लाग्ने हो, साथै पूँजीगत लगानीमा कति खर्च गर्नु पर्ने हो भन्ने जस्ता विषयहरू उल्लेख गरिएका हुन्छन् । नेपालमा व्यवसाय योजना विभिन्न उद्देश्यको लागि बनाउने गरिएको छ । कसैले यसलाई बैंकबाट ऋण लिने प्रयोजनको लागि बनाउने गरेका छन् भने कसैले वैधानिक दर्ता प्रयोजनको लागि यसको प्रयोग गर्ने गरेका छन् । तथापि, सहि मानेमा व्यवसाय योजना व्यवसाय सञ्चालनको पथ प्रदर्शकको रूपमा आफ्नै प्रयोगको लागि तयार गरिन्छ । कुनै पनि व्यवसाय स्थापना गरी संचालन गर्नको लागि आवश्यक सम्पूर्ण पक्षहरु जस्तै बजार, उत्पादन, खर्च तथा वित्त सम्बन्धी सम्पूर्ण पक्षहरुकोबारे गरिएको योजनालाई नै
व्यवसायिक योजना भनिन्छ । व्यवसायिक योजना भनेको व्यवसायको ऐना हो । व्यवसायिक योजना हेरेपछि कुल प्रस्तावित व्यवसाय के कस्तो छ भन्ने छर्लङ्ग हुनुपर्दछ ।
त्यसैले व्यवसायिक योजनाले कुन वस्त र सेवा उत्पादन गर्ने हो । कस्तो गुणस्तरको वस्तु र सेवा उत्पादन गर्ने हो र उत्पादनको बजार क्षेत्र कहाँ हो र बजार माग कस्तो छ,
कति परिमाणमा उत्पादन गर्ने हो, मेशिन उपकरण के कति चाहिन्छ, के कस्ता कच्चा पदार्थ आवश्यक पर्छ , उपलब्धता कस्तो छ , के कस्ता दक्षताका कति कामदार चाहिन्छ रु अन्य खर्चहरु के कति लाग्ला रु कति पूँजी आवश्यक पर्छ रु कसरी पूँजी जुटाउने रु व्यवसायले कति मुनाफा देला रु लगानीको कति प्रतिफल पाउन सकिन्छ आदि व्यवसाय सम्बन्धी उठ्ने प्रश्नहरुको जवाफ दिनसक्नु पर्दछ ।

> “पूँजी बिना कुनै पनि व्यवसायको कल्पना गर्न पनि सकिदैन । व्यवसाय शरुवात गर्नका लागि पूँजीको आवश्यकता पर्दछ । त्यसैले व्यवसाय योजना अन्तर्गत वित्तीय योजना बनाउँदा व्यवसायको लागि कति पूँजीको आवश्यकता पर्ने हो, सो को गणनाको साथै त्यसका स्रोतहरू के के हुन साथै ऋण लिने हो भने ब्याजदर कति हुने हो भन्ने जस्ता विषयहरू विस्तारमा उल्लेख गर्नुपर्छ ।

व्यवसायिक योजनाको महत्व
व्यवसायिक योजना व्यवसायको जग हो । जग जति नै बलियो हुन सक्यो व्यवसाय पनि त्यतिकै बलियो हुन्छ । कुनै पनि व्यवसायलाइ व्यवस्थित रुपमा सञ्चालन गर्न र त्यसलाई दिगो रुप दिन त्यस व्यवसायको बारेमा जानकारी हुनु जरुरी हुन्छ । अध्ययन बिना शुरु गरिएको व्यवसाय असफल पनि हुन सक्दछ । व्यवसायमा गरिएको लगानि पनि खेर जान सक्दछ । त्यसैकारण, व्यवसाय सञ्चालन गर्न चाहने प्रत्येक व्यक्तिलाई के कसरी व्यवसाय छनोट गर्ने र त्यस्तो योजनाको लाभ-हानि, जोखिमजस्ता कुरा कसरी हिसाब गर्ने गर्नु पर्दछ ।

व्यवसायको योजना कसको लागि ?
१. उद्यमी आफै लागि
२. सम्बन्धित कार्यालय (दर्ता गर्नु परेमा) को लागि
३. बैंकको लागि (बैंक ऋण लिनु परेमा)
४. साझेदारी भएमा साझेदार हरुको लागि


योजना निर्माणको ढाँचा
बजार तथा उत्पादन योजना
व्यवसायीले नियमित रूपमा बजार अध्ययन गर्नु अति आवश्यक छ । बजार अध्ययनको
मूल उद्देश्य उत्पादन गरिने वस्तुको माग र उपभोक्ताहरूको रूची थाहा पाउनु हो । बजार अध्ययनको आधारमा के कस्तो वस्तु उत्पादन गर्ने हो भन्ने बारेमा निर्णयमा पुगिन्छ । खासगरी उक्त वस्तुको डिजाईन, रंग, आकार प्रकार, तौल, स्वाद के कस्तो हुने एवं उत्पादित वस्तुको उपयोग कसरी गरिने हो आदि बारेमा निर्क्योलमा पुगि योजना बनाइन्छ । यसका अतिरिक्त, उत्पादन गरेका वस्तु बीच गुणस्तर, आकार प्रकार, मूल्य एवं उपभोक्ता तथा व्यापारीहरूलाई दिइने सुविधाहरूमा के कस्तो अन्तर छन् भन्ने बारेमा पनि बजार सेवा योजनामा उल्लेख गर्नु पर्छ । यसै गरि, उत्पादित वस्तुको विक्री वितरणका तह एवं माध्यमहरू, लक्षित बजार तथा उपभोक्ताहरू, बजार प्रवर्द्धनका उपायहरू र बजारप्रतिस्पर्धाका रणनीतिहरू आदि पक्षहरूलाई विचार गरी बजार सेवा रणनीति पनि उल्लेख गर्नु आवश्यक हुन्छ ।
व्यवसायको प्रकृति तथा प्रकारअनुसार आफ्नो वस्तु वा सेवा मूलभूत रुपमा के कस्तो हो थाहा हुनु पर्दछ जस्तैः कृषि उत्पादन, कृषि उपज बिक्री वितरण, सेवा व्यवसाय, वस्तु उत्पादन आदि । यसरी आफ्नो व्यवसायको मुख्य प्रकृति उल्लेख गर्नुका साथै वस्तु वा सेवाको सङ्क्षिप्त परिचय पनि दिनु पर्दछ ।
आफूले के कति प्रकारका वस्तु उत्पादन गर्ने हो सोको विवरण पनि टिपोट गर्नुपर्दछ । यदि आफूले वस्तु नभई सेवा प्रदान गर्ने भए सो सेवाको प्रकृति तथा विशेषता उल्लेख गर्नु पर्दछ । आफूले उत्पादन गर्ने वस्तु वा सेवा बजारमा रहेका प्रतिस्पर्धी वस्तु वा सेवाभन्दा के कसरी फरक छ भन्ने कुरा पनि महत्वपुर्ण हुन्छ । लागत घटाउन व्यवसाय स्थापना गर्दा मिलेसम्म ठाउँलाई पनि ध्यान दिनुपर्ने हुन्छ । यदि व्यवसाय खुद्रा व्यापार वा सेवामूलक हो भने मुख्य बजारको नजिकै स्थापना गर्नु उचित हुन्छ । यदि उत्पादनमूलक व्यवसाय हो भने कच्चा पदार्थ पाइने स्थान नजिक आवश्यक पूर्वाधार भएको ठाउँ छानेर स्थापना गर्नु उपयुक्त हुन्छ । व्यवसाय स्थापना गर्ने ठाउँ पनि उद्यमीले लिनुपर्ने महत्वपूर्ण निर्णयहरु मध्ये एक हो ।

खर्च योजना
उत्पादन प्रक्रियामा विभिन्न चरणहरूमा विभिन्न प्रकारका लागतहरू लाग्ने गर्दछन् । कृषक/उद्यमीले प्रत्येक चरणमा लाग्ने त्यस्ता लागतहरू बारे जान्नु जरूरी हुन्छ । बास्तविक लागत अनुमानको आधारमा नै खर्च योजना बनाउनु पर्ने हुन्छ । खर्च योजनाले उत्पादन सामग्रीहरूको परिमाण र अन्य ओभर हेड खर्चहरूको आधारमा लाग्ने लागतको
फेहरिस्तलाई बुझाउँछ । खर्च योजनामा प्रति इकाई उत्पादन लागत र अन्य प्रत्यक्ष र अप्रत्यक्ष लागतहरू एवं स्थिर र परिवर्तनशील लागतहरूको समेत गणना गर्नु पर्दछ ।
मूलतः खर्च योजना तयार गर्दा कृषक/उद्यमीले खासगरी उत्पादन सामग्री, कच्चा पदार्थ, श्रममा लाग्ने खर्च र अन्य ओभरहेड खर्चहरूलाई समावेश गरी लागत गणना गर्नु पर्दछ ।

वित्तीय योजना
पूजी बिना कुनै पनि व्यवसायको कल्पना गर्न पनि सकिदैन । व्यवसाय शरुवात गर्नका लागि पूँजीको आवश्यकता पर्दछ । त्यसैले व्यवसाय योजना अन्तर्गत वित्तीय योजना बनाउँदा व्यवसायको लागि कति पूँजीको आवश्यकता पर्ने हो, सो को गणनाको साथै त्यसका स्रोतहरू के के हुन साथै ऋण लिने हो भने ब्याजदर कति हुने हो भन्ने जस्ता विषयहरू विस्तारमा उल्लेख गर्नु पर्छ । त्यस्तै, लगानीकर्ताको स्वधन र ऋणको अनुपात तथा स्थिर पूँजी र सञ्चालन पूँजीका रूपमा गर्नु पर्ने आवश्यक लगानीको गणना समेत व्यवसाय योजनाको वित्तीय खण्डमा गरिन्छ । यसका अतिरिक्त कतिपय अवस्थामा व्यवसाय सञ्चालन पूर्वका गतिविधीहरू जस्तै सर्भे, तालिम, परिक्षण उत्पादन, बजार अध्ययन र रजिष्ट्रेशन आदिमा लाग्ने खर्चहरू सञ्चालन पूर्वको पूँजीको रूपमा गणना गरिन्छ र पछि सोही बमोजिम रकम छुट्याई खर्च गरिन्छ । त्यसै गरी नाफा-नोक्सानको हिसाबकिताब, लगानीको प्रतिफल, लगानी फिर्ता हुने अवधि, ऋण फिर्ता गर्न लाग्ने समय, पार-विन्दु लाभ लागत विश्लेषण, आदि पनि वित्तीय योजना अन्तर्गत विश्लेषण गरिन्छ ।

(लामिछाने, नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक हुन्)

साभार : विज्ञान लेखमाला, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट)



धनुषाको औरही गाउँपालिका परवाहास्थित बाटो छेउमा आधुनिक प्रविधि थ्रेसरको सहायताले धान झार्दै किसान ।

*तस्बिर : चन्द्रदेव साह/रासस*

# चोरी सिकारीका कारण रेडपाण्डा जोगाउन समस्या

गलेश्वर, १८ मङ्सिर
विश्वमै दुर्लभ मानिएको जङ्गली जनावर रेडपाण्डा (हाब्रे) जोगाउन समस्या भएको छ । पश्चिम म्याग्दीको विभिन्न ठाउँमा पाइने रेडपाण्डा चोरी सिकारीका कारण जोगाउन समस्या भएको हो ।

धौलागिरि गाउँपालिकाको गुर्जा, मुदी र लुलाङका जङ्गलमा पाइने हलुका रातो, सेतो र कालो रङको रेडपाण्डा सिकारीको रोजाइँमा पर्ने गरेको छ । वन जङ्गलमा टुसा खोज्न जाने स्थानीयवासीले घरेलु हतियार प्रयोग गरेरसमेत रेडपाण्डा सिकार गर्ने गरेका छन् । पाँच वर्षअघि विश्व वन्यजन्तु कोषको सहयोग तथा हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटर्वक र हिमाली संरक्षण मञ्चले खोजी अभियान सञ्चालन गरेको थियो । उक्त संरक्षण अभियानले दुई वर्षयता निरन्तरता पाउन नसक्दा चोरी सिकारी गर्ने क्रम बढेको स्थानीय जसवीर विकले बताए । रेडपाण्डा नेटवर्कका अनुसन्धानकर्ताले स्थानीयवासीलाई यसबारे जानकारी गराउनुको साथै वासस्थानसमेत देखाएपछि स्थानीयवासी यसको संरक्षणमा लागेका थिए । धौलागिरि गाउँपालिका-१ का वडाध्यक्ष



झकप्रसाद छन्त्यालका अनुसार सिकारीले सिकार आरक्ष ढोरपाटनसँग सिमाना जोडिएका स्थानमा रतुवा, घोरल, मृग, बँदेलसहित लोपोन्मुख रेडपाण्डाको सिकार गर्ने गरेका छन् । रेडपाण्डा संरक्षण समितिले नियमित गस्ती, जनचेतनामूलक कार्यक्रम, वासस्थान आसपासका क्षेत्रमा आवतजावतमा कडाइ गर्दै आएको थियो, उनले भने ।

पश्चिम म्याग्दीका जङ्गलमा प्रारम्भिक अनुसन्धानमा पाँचवटा भेटिए पनि गाउँपालिकाअन्तर्गतमा सामुदायिक तथा राष्ट्रिय वनमा झण्डै २० रेडपाण्डा रहेको अनुमान गरिएको छ । समुद्री सतहबाट दुई हजारदेखि चार हजार ८०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको छ । निगालोको टुसालाई आहाराको रुपमा प्रयोग गर्ने रेडपाण्डासहित अन्य वन्यजन्तुको तस्करी नियन्त्रणका लागि स्थानीयवासीलाई सहयोग गर्दैआएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेम पुनले बताए । म्याग्दीका साथै नुवाकोट, रसुवा, धादिङ, लमजुङ, मनाङ, मुस्ताङ, बागलुङलगायत जिल्लामा रेडपाण्डाको बासस्थान रहेको अनुसन्धानकर्ता सरोज श्रेष्ठले बताए । रासस

## संक्षिप्त समाचार

### धान उत्पादनमा वृद्धि

चितवन, १८ मङ्सिर
जिल्लामा यस वर्ष वर्षे धानको उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र भरतपुरका अनुसार जिल्लाभर यस वर्ष धान उत्पादन ११ हजार चार सय ८६ मेट्रिक टन वृद्धि भएको हो ।यस वर्ष २२ हजार नौ सय ७२ हेक्टर क्षेत्रफलमा ९६ हजार चार सय ८२ मेट्रिक टन धान उत्पादन भएको ज्ञान केन्द्रका सूचना अधिकारी मीनबहादुर पुनले बताए । उनका अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा सोही क्षेत्रफलमा ८४ हजार नौ सय ९६ मेट्रिक टन धान उत्पादन भएको थियो । उनका अनुसार गत आवमा प्रतिहेक्टर तीन दशमलव सात मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष उत्पादन बढेर चार दशमलव दुई पुगेको छ । आव २०७७/७८ मा तीन दशमलव ७९ प्रतिहेक्टर धान उत्पादन भएको थियो । रोगहरूको प्रकोपमा कमी, कृषकमा व्यवस्थापन र सचेतनाका कारण उत्पादन बढेको केन्द्रले जनाएको छ । उहाँका अनुसार धान ब्लक कार्यक्रम र कृषकले रासायनिक मलको अभावमा पनि वैकल्पिक माध्यमबाट मलखाद व्यवस्थापन गरेकाले पनि उत्पादन बढेको हो । जिल्लाका सबै स्थानमा धानखेती हुने भए पनि पूर्वी चितवन, पश्चिम चितवन र माडीलाई पकेट क्षेत्रका रूपमा लिने गरिन्छ । चितवनमा सावा मन्सुली, वार, सावित्री, मोती, गोरखनाथ, जिरामसिनाजस्ता जातका धान लगाइने गरिन्छ ।रासस


### तेलहन खेती बढ्यो

कलैया, १८ मङ्सिर
यस वर्ष बारामा तेलहन खेतीका क्षेत्रफल वृद्धि भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार ३० हेक्टर क्षेत्रफल अर्थात् किसानले १० हजार तीन सय हेक्टर क्षेत्रफलमा तेलहन खेती गरेका छन् । गत वर्ष १० हजार दुई सय ७० हेक्टरमा खेती गरिएको थियो । केन्द्रका प्रमुख जितेन्द्र यादवले तेलहन बालीको उपादकत्वमा विगतका केही वर्षदेखि प्रतिहेक्टर एक मेट्रिक टन उत्पादन हुने गरेको बताए । उनका अनुसार विसं २०७२/७३ मा भने प्रतिहेक्टर एक दशमलव १० मेट्रिक टन उत्पादकत्व रहेको थियो । विसं २०७३ देखि २०७७ सम्ममा कृषकले ११ हजारदेखि १२ हजार हेक्टर क्षेत्रफलमा खेती गरिँदै आए पनि उत्पादकत्वमा भने उलेख्य सुधार नभई वृद्धिमा कमी हुँदै आएको थियो । गुणस्तरीय बीउको उत्पादन नहुनु, कृषकले आफ्नै घरमा रहेको बीउको प्रयोग गर्नु, समयमा मलखाद चाहिने जति प्रयोग नगर्नुजस्ता कारणले पनि उत्पादकत्वमा कमी आएको उनले जानकारी दिए ।रासस

### आधुनिक सभाहल निर्माण

म्याग्दी, १८ मङ्सिर
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारमा दुई सय क्षमताको बहुउद्देश्यीय सभाहल निर्माण भएको छ । अन्नपूर्ण-६ घारका वडाध्यक्ष रामबहादुर खड्काले सभाहलको पूर्वाधार निर्माण, रङ्गरोगन, झ्याल, ढोका, विद्युत् जडानको काम सकिएको बताए । गत वर्ष सुरुआत भएको सभाहल निर्माण योजनालाई यसपालि पनि बजेट विनियोजन गरेर पूर्णता दिएका छौं, उनले भने , कुर्ची, टेबुललगायत फर्निचर व्यवस्थापन गरेर व्यवस्थित किसिमले सभाहल सञ्चालन गर्छौं ।आर्थिक वर्ष २०७८/७९ मा दुई चरणमा रु २५ लाख विनियोजन भएको सभाहल निर्माणका लागि गाउँपालिकाले चालु आव २०७९/८० मा रु छ लाख ५० हजार विनियोजन गरेको छ। उपभोक्ता समितिमार्फत सभाहल निर्माण गरिएको वडाध्यक्ष खड्काले बताए। सभाहलभित्र स्टेज पनि बनाइएको छ । सभाहल निर्माण भएपछि तालिम, गोष्ठी, भेला, बैठक, सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सहज हुने भएको छ। यसअघि संरक्षण क्षेत्र व्यवस्थापन समितिको भवन रहेको ठाउँमा सभाहल निर्माण गरिएको हो । पुरानो भवनमा रहेको प्रहरी चौकीलाई स्थानान्तरण गरिएको थियो । सभाहल नजिकै यसअघि नै वडा कार्यालय भवन निर्माण भएको छ ।रासस

# बादी समुदाय: मजदुरी गर्दै जीविका चलाउदै



कञ्चनपुर, १८ मङ्सिर
शुक्लाफाँटा नगरपालिका-५ गर्जमुनिका बिष्नाकुमारी बादीको परिवारले मजदुरी गरेर जीविका चलाउँदै आएको छ । उहाँहरुका लागि जीविका चलाउने एकमात्रै साधन मजदुरी रहेको छ । मजदुरी पाएको बेला दुई छाक खाना खान बादी परिवारले पाउने गरेका छन् । मजदुरी नपाइए भोकभोकै बस्नुपर्ने अवस्था पनि आउने गरेको छ । दैनिक मजदुरी पाइने गरेको छैन । हप्तामा एक-दुई दिन बादी परिवारले मजदुरी पाउने गरेका छन् । दुई दिन पाउने मजदुरीले परिवारको हप्ता दिनको खाना खर्च जुटाउनुपर्ने उनका लागि बाध्यता छ ।

कृषि र निर्माणकार्यमा बादी परिवारले मजदुरी गर्दै आएका छन् । छोरा-बुहारी पेट पाल्नकै लागि भारतमा गएका छन, उनले भने , चौकीदारीको काम पाएको छ, महिनाको रु १० हजार तलब पाउँछु भन्छ, कोठा भाडा र बुहारी नातिको खाना खर्चमा सबै सिद्धिने गरेको छ, त्यसैले घर पैसा पठाउनका लागि पुग्दैन भनेर खबर गरेको छ । घरमा रहेका सात जनाको खर्च चलाउन निकै गाह्रो भएको उनले बताए। महँगाइ बढेको बढ्यै छ, उनले भने , त्यहीअनुसार ज्याला पाउने भए हुन्थ्यो, ज्याला पुरानै छ, दिनभरि काम गरे रु पाँच सय पाउँछौं, त्यसले घरका लागि रासनपानी पुऱ्याउन सकिँदैन । बिरामी पालेर बसेको दुःखेसो पोख्दै उनले अगाडि थपे , सरकारी स्वास्थ्यचौकीमा पाइने औषधिले बिराम ठीक हुनसकेको छैन, खानका लागि पैसाको जोहो गर्न सक्दैनौं, महँगो अस्पताल पुगेर उपचार गराउने क्षमता छैन, त्यसैले रोग पालेर बस्नुपरेको छ । पहिलाजस्तो गाउँमा माग्न जाने अवस्था नभएको उनी बताउछन । माग्न गए कसैले दिँदैनन्, उल्टै हातखुट्टा छँदैछ कमाएर खाउ भनेर कुरा सुनाउँछन्, त्यसैले लाजले माग्न नजाने गरेको उनको भनाइ छ । बादी समुदायले सरकारीतर्फबाट पाउने सेवा-सुविधा भने नपाएको गुनासो गरेका छन् ।देशमा कयौँ व्यवस्था बदलिए, हाम्रो अवस्था अहिले पनि उस्तै छ, श्याम बादीले भने , सुरक्षित आवास बादी समुदायका लागि बन्छ भन्ने अश्वासन धेरैले दिए, अहिलेसम्म पाएनौं, रोजगारी दिने कुरा पनि नभएका होइनन्, कसैले पाएका छैनौं । सरकारी विद्यालयमा बालबालिका पढाउनका लागि शुल्क तिर्दै आएको उनले बताए ।

बादी समुदायका बालबालिकाले निःशुल्क शिक्षा दिने कुरा सुन्दै आए पनि ५ कक्षामाथिका बालबालिका पढाउन शुल्क बुझाउँदै आएको उनले बताए । उनका अनुसार वार्षिकरूपमा कक्षाअनुसार विद्यालयले शुःल्क लिने गरेको छ । बालबालिका विद्यालय पढाउनका लागि सकिने अवस्था छैन, सपना बादीले भने , विद्यालयलाई शुल्क तिर्नुपर्ने अवस्था छँदैछ, एक वर्ष सिलाइ गरेको विद्यालय पोशाक एक बालबालिकाले तीन वर्षसम्म लगाउनुपर्ने बाध्यता छ । बालबालिकालाई माथिल्ला कक्षा पढाउन नसक्दा बादी समुदायले आफूसँगै मजदुरीमा लग्ने गरेका छन् । बादी बस्तीमा ८ कक्षामाथि पढेको कोही छैन । माथिल्ला कक्षा पढाउन सक्ने अवस्था छैन, सपनाले भने , त्यसैले बीचमै विद्यालय छुटाउनुपर्ने बाध्यता छ । सिमेन्टका ब्लक बनाउने कार्यमा मजदुरी गर्दै आएकी सपनाले एक छाक खाएर दुई छाक भोकै बस्नुपर्ने पीडा पोखे । बादी समुदायको पुर्ख्यौली पेसा माटोका भाँडाकुँडा बनाउने हो । माटोका तमाखु खाने सुल्पा, हुक्का, दियो र मादल बनाएर बादी समुदायले पहिला जीविका चलाउने गरेका थिए । आधुनिकताको प्रवेशसँगै माटोका भाँडाकुँडा र मादल बिक्री हुन छाडेपछि बादी समुदायले जीविका चलाउन विकल्प रोज्न थालेका हुन् । विसं २०४३ देखि गर्जमुनिमा बादी समुदायको बसोबास रहेको छ । घरबास रहेको जग्गामा बादी समुदायका केही परिवारका झोपडी र केहीका अर्धपक्की घर बनाएका छन् । वर्षौंदेखि बस्दै आएको जग्गाको बादी समुदायसँग स्वामित्व छैन । बस्ती नजिकै बग्ने स्याली नदीले बर्सेनि जग्गा कटानी गरिरहेको छ । वर्षात्का बेला बादी बस्ती डुबानमा पर्ने गरेको छ ।

बादी समुदायको मागका रूपमा निःशुल्क शिक्षा, रोजगार, स्वास्थ्योपचार, नदी नियन्त्रण, सुरक्षित आवास, जग्गाको स्वामित्व र डुबानमुक्त बस्ती रहेको छ । नजिकको सरकार भनेको नगरपालिका हो, नगरपालिकाबाट बादी समुदायको उत्थानका लागि लक्षित गरी कुनै पनि कार्यक्रम हालसम्म हुन सकेको छैन, दीपक बादीले भने , वडा भेलामा कयौँपटक माग राखे पनि कार्यक्रमलाई प्राथमिकतमा राखिएको छैन ।सुरक्षित आवास त पाउन सकेका छैनौं, उनले भने , खरको छाना हटाउन विगतमा नगरपालिकाले अरु समुदायलाई जस्तापाता वितरण गरे, त्यो पनि हामीसम्म पुगेन । विपन्न र गरिबका लागि भनेर ल्याइने स्वरोजगार तालिम र अनुदानका कार्यक्रममा नसमेटिने गरेको बादी समुदायको भनाइ छ । गर्जमुनीस्थित बादी बस्तीमा १० परिवारको बसोबास छ ।रासस

# छोरी जन्मिए बैंक खातामा पाँच हजार

मध्यविन्दु,१८ मङ्सिर
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले छोरी जन्मिए पाँच हजार नगद सहितको बैंक खाता उपहार दिन थालेको छ ।

गाउँपालिकाले 'हाम्रो छोरीको सुनौलो भबिष्य' कार्यक्रममार्फत् छोरी जन्मिए रू पाँच हजार बैंक खातामा जम्मा गरिदिने कार्यक्रम सञ्चालन गरे अभिभावकहरु शिशुको नामाकरणपछि बैंक खाता खोल्न जुट्ने गरेका छन् । गाँउपालिकाले आर्थिक वर्षदेखि २०७८/७९ देखि लागू गरेको कार्यक्रममार्फत् छोरी जन्माउने अभिभावक खुसी हुदै गाउँपालिका र बैंक जाने गरेका छन् ।

गाउँपालिकाले एक जना बालिकाको खातामा नगद पाँच हजार जम्मा गरी अभिभावकलाई समेत कम्तीमा पाँच हजार रूपैयाँ जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । बचत रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग गर्ने योजना बनाइएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मी देवी पाण्डेले बताए । छोरीकै नाममा हुने खाताको संरक्षक अभिभावक हुनेछन् । कार्यक्रम लागू गरिएपछि अहिलेसम्म २४ जना नवजात



छोरीहरुको बैंक खातामा रकम जम्मा गरिदिएको हुप्सेकोट गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले जानकारी दिए । बैंकमा जम्मा हुने रकमले छोरीको सुनौलो भबिष्यका लागि वचत गर्ने बानीको विकास हुनुका साथै भबिष्यमा अध्ययन तथा अन्य कार्यका लागि छोरीलाई सक्षम बनाउन प्रोत्साहन हुने अपेक्षा रहेको छ, गाउँपालिका अध्यक्ष पाण्डेले भने , समाजमा छोरीप्रति सम्मान र आत्मनिर्भरताका विकास गर्नुका साथै भ्रुण हत्या रोक्नका लागि पनि यो अभियान शुरु गरिएको हो । गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्र वा सरकारी अस्पतालमा जन्मिएका छोरीका नाममा खाता खोल्न पाइने कार्यविधिमा उल्लेख छ । गाउँपालिकाले एकल महिलाको साथमा स्थानीय सरकार भन्ने नाराको कार्यान्वयन गरी एकल महिलाको संरक्षण साथै सीप विकास एवं स्वरोजगारका कार्यकमहरु सञ्चालनमा ल्याएको छ। एकल महिला, वैदेशिक रोजगारबाट फिर्ता भएका, आर्थिक रुपमा कमजोर महिलालाई लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएको छ । गृहिणी महिलाको शारीरिक एवं मानसिक स्वास्थ्यमा सुधार गर्न गृहिणी स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष पाण्डेले बताए ।रासस

# सकियो निटफेस्ट-२०२२

काठमाडौं, १८ मङ्सिर
'नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०७९ (निटफेस्ट २०२२)'को दोस्रो संस्करण सम्पन्न भएको छ । यही मङ्सिर ९ गतेदेखि काठमाडौंस्थित मण्डला नाटकघरमा महोत्सव आयोजना गरिएको थियो ।अर्थमन्त्री जनार्दन शर्माले महोत्सव समापन समारोहलाई सम्बोधन गर्दै भने सरकारले आवश्यक सहयोग गर्न नसकेको मैले महसुस गरेको छु । मेरो प्रयास योजना र नीतिगत तहमै सहयोग गर्ने रहनेछ । मण्डलालाई कलेजको रूपमा सञ्चालन गर्ने तयारीलाई समेत सघाउने उनले जानकारी दिए ।

'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः विविधताको उत्सव' भन्ने नाराका साथ सुरु भएको महोत्सवमा १२ देशको १८ नाटक मञ्चन हुनुका साथै विभिन्न कार्यशाला, अन्तर्क्रिया, मास्टरक्लास पनि गरिएको थियो । समापन कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकूलपति हरिहर शर्मालगायतका रङ्गकर्मीको सहभागिता रहेको थियो । महोत्सवका निर्देशक सिर्जना सुब्बाले महोत्सवले रङ्गमञ्चलाई नयाँ ऊर्जा दिन सकेको बताए । समापनका दिन शनिबार 'रङ्गमञ्च अभिनय र चलचित्र अभिनयका फरक आयाम' शीर्षकमा छलफल भएको थियो । आयोजक मण्डला थिएटरको 'कुभिण्डोको कथा'को प्रिमियर मञ्चन भएको थियो ।रासस



चितवनको इच्छाकामना गाँउपालिका-५ स्थित जौगैरामा स्कुल पढ्न हिँडेकी विनिता चेपाङ र मस्याङको भारी बोकेर घर जाँदै गरेका लक्की चेपाङ। गरिबीका कारण चेपाङ समुदायका बालबालिका विद्यालय जानबाट बञ्चित छन् भने घरायसी काम गर्नुपर्ने बाध्यता छ।

तस्बिर : कृष्ण आचार्य/रासस

# राजधानी नसार्न कांग्रेस र एमालेको आग्रह

रुपन्देही, १८ मङ्सिर
संरचना निर्माण नहुँदै बुटवलबाट राजधानी नसार्न रुपन्देहीका राजनीतिक दलहरूले आग्रह गरेका छन् । नेपाली कांग्रेस र नेकपा (एमाले) रुपन्देहीले आइतवार छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर दाङमा कुनै संरचना निर्माण नभएका कारण हतारमा राजधानी नसार्न आग्रह गरेका छन् । पूर्वाधार निर्माणका काम सम्पन्न नहुँदै प्रदेश सरकारले अस्थायी मुकाम बुटवलबाट राजधानी दाङ सार्न लागिएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै नयाँ सरकार नबन्दै वर्तमान काम चलाउ सरकारले यो काम गर्न नमिल्ने उनीहरूले जनाएका छन् ।नेपाली कांग्रेसले राजधानी लैजाने जिम्मा संरचना निर्माण भएपछि नयाँ बन्ने सरकारलाई दिनुपर्ने माग गरेको छ। कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाणले विज्ञप्ति जारी गर्दै प्रदेशसभाको नियमित काम गर्न संरचना निर्माण नभएको अवस्थामा हतारमा राजधानी सार्दा दैनिक कामकाजमा पर्न सक्ने असरतर्फ प्रदेश सरकार सचेत हुनुपर्ने उल्लेख गरेका छन । यसैगरी एमाले जिल्ला कमिटी रुपन्देहीले पनि विज्ञप्तिमार्फत अस्थायी मुकाम बुटवलमा सुविधा सम्पन्न कार्यालय, संसद् भवन र कर्मचारीको आवास व्यवस्थित रहेका अवस्थामा कुनै संरचना नै नभएको स्थानमा जबरजस्ती राजधानी लैजान खोज्नु गलत कदम भएको ठहर गरेको छ । पार्टीका रुपन्देही अध्यक्ष तेजेन्द्र केसीले आइतवार विज्ञप्तिमार्फत लुम्बिनी प्रदेशको अस्थायी मुकाम (राजधानी) बुटवलबाट हतारमा सार्ने प्रदेश सरकारको निर्णय र सक्रियताप्रति नेकपा (एमाले) रुपन्देहीको ध्यानाकर्षण भएको जनाउँदै नयाँ सरकार र संसद्को अधिकार क्षेत्रमा हस्तक्षेप नगर्न जोडदार माग गरेको छ । प्रदेश सरकारले तोकेको भौतिक पूर्वाधार निर्माणको कार्यलाई सम्पन्न गरेपश्चात मात्र यसतर्फ ध्यान केन्द्रित गर्न आग्रह गरे । कामचलाउ अवस्थामा रहेको लुम्बिनी प्रदेश सरकारले नयाँ सरकार गठन नहुँदै बुटवलबाट सबै मन्त्रालय दाङ सार्ने प्रयास गरेपछि कर्मचारी विरोधमा उत्रिएका छन्। स्थायी राजधानी देउखुरीमा पर्याप्त संरचना तयार नहुँदै मन्त्रालय सार्दा समस्या हुने बताउँदै कर्मचारीले सामूहिकरूपमा लुम्बिनी प्रदेशका मुख्य सचिवमार्फत मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।प्रदेशसभाबाट दाङको देखुरी उपत्यका र अर्घाखाँचीको शितगङ्गा नगरपालिकाको राप्ती किनारमा लैजाने निर्णय भए पनि अहिले त्यहाँ संरचना नै निर्माण नभएको अवस्थामा काम गर्न नसकिने कर्मचारीको भनाइ छ ।रासस

# घर बनाइदिने प्रलोभन देखाएर ठगी




भैरहवा, १८ मङ्सिर
रुपन्देहीको दक्षिणी क्षेत्र मर्चबारका स्थानीयलाई एक युवाले घर बनाइदिन्छु भन्दै लाखौँ ठगी गरेका छन् । विदेशीदाताबाट सहयोग लिई घर बनाइदिने आश्वासन दिँदै रजिष्ट्रेशनका लागि लाखौँ असूल गरी अहिले ती युवा फरार छन् । रकम दिएर घर निर्माणको आशमा रहेका मर्चबार तथा लुम्बिनीका स्थानीय अहिले आफ्नो रकम फिर्ता लिन प्रशासनिक निकाय धाइरहेका छन् । सम्मरीमाई गाउँपालिका-७ बस्ने मकसुद मुसलमानले कोटहीमाई, सम्मरीमाई तथा लुम्बिनी सांस्कृतिक नगरपालिकाका एक सयभन्दा बढी स्थानीयलाई ठगी गरेको भन्दै जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा उजुरी परेको छ । मर्चबारको भैँसागाहन बस्ने उनी आफ्नो छेउछाउका गाउँमा घर बनाइदिने भन्दै विपन्न परिवारलाई आश्वासन दिने र फारम भर्नुपर्ने भन्दै रकम माग गर्दथे । उनले फारम भर्न र अन्य प्रक्रियाका लागि भन्दै प्रतिव्यक्ति रु एक लाख ५५ हजारसम्म रकम लिने गरेको पीडितहरुले बताएका छन् । कोटहीमाई गाउँपालिका-१ सिपवा बस्ने जमिरुन निशाको नौ जनाको परिवार एउटै कोठामा गुजारा गरिरहेको थियो । दैनिकजसो टोलमा आउने मकसुदको प्रलोभनमा उनी परे र उहाँले घर बन्ने आशमा कृषि विकास बैंकबाट रु एक लाख आठ हजार कर्जा लिएर मकसुदलाई बुझाए । रकम बुझाएदेखि मकसुद सम्पर्कमा नआएको जमिरुनले बताए। दैनिक ज्यालादारी गरी खाने उनको परिवारलाई अहिले बैंकको ब्याजले पिरोलेको छ । रकम लिएको कुनै रसिद वा कागजसमेत नपाएको जमिरुनको भनाइ छ । कोटहीमाई-१ कै परस्पुर बस्ने ८० वर्षीय मंहगु हरिजन र उनकी श्रीमती सिगारीले ज्येष्ठ नागरिक भत्ताबाट पाएको रकम घर बनाइदिने आश्वासपछि प्रलोभनमा परेर रु ५४ हजार मकसुदलाई बुझाएको जानकारी दिए । मकसुदले रकम, नागरिकताको प्रतिलिपि र फोटो सङ्कलन गर्न तथा जग्गा नापजाँच गर्न कर्मचारीसमेत राखेको पीडितले बताएका छन् । ठगीमा परेका पीडितहरुले जिल्ला प्रशासन कार्यालयमा गत कात्तिक २१ गते नै यसबारे उजूरी दिएका छन्। सोही दिन जिल्ला प्रशासन कार्यालयले सक्कलै निवेदन जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो । जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय मर्चवारलाई निज मकसुदलाई पक्राउ गर्न पत्राचार गरेको थियो । प्रक्रियामा गए पनि न्याय नपाएको पीडितको आरोप छ । पत्र आए पनि प्रहरीले मकसुदलाई पक्राउ गर्न तदारुकता नदेखाएको निवेदक प्रेमलाल कोहारको आरोप छ। लुम्बिनी सांस्कृतिक नगरपालिका-१० महिलवारका प्रेमलाल कोहार, माया कुर्मी, गुडिया लोध र गीता हरिजनलगायतले संयुक्त निवेदन दिएका छन । पक्की घरको आशमा ऋण लिएर मकसुदलाई जनही रु एक लाख ५५ हजार दिएको निवेदकहरुको भनाइ छ।
यस विषयमा इलाका प्रहरी कार्यालय मर्चवारका प्रमुख, प्रहरी निरीक्षक तेजबहादुर खत्रीले पटक-पटक प्रहरी मकसुदको घर पठाउँदा पनि फेला पर्न नसकेको बताए। रासस

# युवती हत्याका आरोपित महेन्द्रनगरबाट पक्राउ

महेन्द्रनगर, १८ मङ्सिर
बैतडीको पञ्चेश्वर गाउँपालिका-४ की २१ वर्षीया माया लुहारको हत्यामा संलग्न भएको आरोप लागेका सशस्त्र प्रहरी जवान भरतराम कोली कञ्चनपुरको महेन्द्रनगरबाट पक्राउ परेका छन् । कोली आज महेन्द्रनगरस्थित बसपार्क क्षेत्रबाट पक्राउ परेका हुन् । प्रहरी निरीक्षक भरत गिरीका अनुसार जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको टोलीले हत्यामा संलग्न रहेको आरोप लागेका बैतडीको शिवनाथ गाउँपालिका-४ घर भएका सशस्त्र प्रहरी जवान कोलीलाई पक्राउ गरेको हो । बिदामा घर आएका बखत मायाको हत्या गरेको कोलीमाथि आरोप छ । मायाका परिवारजनले कोलीविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएपछि उनको खोजी भइरहेको थियो। यही मङ्सिर १३ गते मायाको बैतडीमा घाँटी रेटेर हत्या गरिएको थियो। मायाको साथमा रहेकी नेहा लुहारको समेत घाँटी रेटेर हत्याको प्रयास गरिएको थियो । घाइते अवस्थामा भेटिएकी नेहाको हाल उपचार भइरहेको छ । बैतडीको शिवनाथ गाउँपालिका-६ स्थित शिवनाथ मन्दिर नजिकै मायाको शव फेला परेको थियो भने नेहा घाइते अवस्थामा भेटिएकी थिइन्। कास्कीको पोखरास्थित हुल तथा दङ्गा व्यवस्थापन तालिम शिक्षालयमा कार्यरत कोली बिदामा घर आएका बेला उक्त घटना घटेको हो। घटना लगत्तै कोली गाउँबाट फरार रहेपछि हत्यामा उनको संलग्नता रहेको आशंका गरिएको थियो । प्रहरी श्रोतका अनुसार प्रारम्भिक बयानमा कोलीले मायाको हत्या गरेको स्विकार गरेका छन् । जिल्ला प्रहरी कार्यालय बैतडीमा मुद्दा चलिरहेकाले कोलीलाई आजै बैतडी पठाउने तयारी गरिएको कञ्चनपुर प्रहरीले जनाएको छ। रासस

# ४३ हजार मेट्रिक टन मल मौज्दात

काठमाडौँ, १८ मङ्सिर
हिउँदेबालीका लागि करिब ४३ हजार मेट्रिक टन रासायनिक मल मौज्दात रहेको र केही परिमाण मल नेपाल भित्रने क्रममा रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले हाल २१ हजार सात सय ६४ मेट्रिक टन युरिया, १९ हजार दुई सय ८६ मेट्रिक टन डीएपी र एक हजार नौ सय ३२ मेट्रिक टन पोटास गरी कुल ४२ हजार नौ सय ८३ मेट्रिक टन रासायनिक मल मौज्दात रहेको जानकारी दिए ।
मौज्दात रहेको यो परिमाणको रासायनिक मलमध्ये कृषि सामग्री कम्पनी लिमिटेडसँग ३५ हजार चार सय ४९ मेट्रिक टन मौज्दात छ । जसमा १५ हजार एक सय ७९ मेट्रिक टन युरिया, १८ हजार चार सय ३२ मेट्रिक टन डिएपी र एक हजार आठ सय ३७ मेट्रिक टन पोटास छ ।
त्यस्तै, साल्ट ट्रेडिङ्ग कर्पोरेसनसँग ६ हजार पाँच सय ६४ मेट्रिक टन युरिया, आठ सय ५४ मेट्रिक टन डिएपी र ९५ मेट्रिक टन पोटास गरी कुल सात हजार पाँच सय ३४ मेट्रिक टन रासायनिक मल मौज्दाते छ ।
चालु आर्थिक वर्ष २०७९/८० का लागि मल खरिद गर्न सरकारले रु१६ अर्ब विनियोजन गरेको छ ।
चालु आर्थिक वर्षमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडमार्फत् दुई लाख ५७ हजार मेट्रिक टन रासायनिक मल खरिदका लागि टेण्डर आह्वान भएको थियो ।
जसमा एक लाख १० हजार मेट्रिक टन मल आयात भई ८६ हजार पाँच सय मेट्रिक टन बिक्रीसमेत भइसकेको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कृषि सामग्री कम्पनी लिमिटेड ५७ हजार दुई सय १२ मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेसनले २९ हजार ३३ मेट्रिक टन रासायनिक मल बिक्री गरिसकेका छन् । साथै, २० हजार मेट्रिक टन युरिया पुसको पहिलो हप्ता नेपाल आइपुग्ने पनि कृषि मन्त्रालयले जनाएको छ ।
टेन्डर भएको बाँकी मल माघ तथा फागुन महिनामा नेपाल आइपुग्ने जानकारी कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसनले मन्त्रालयलाई दिएका छन् । कृषि सामग्री कम्पनी लिमिटेडको २० हजार मेट्रिक टन रासायनिक मलमध्ये पाँच हजार मेट्रिक टन भैरहवा र वीरगञ्ज नाकामा आइसकेको तथा १० हजार मेट्रिक टन मल विशाखापटनमबाट नेपालका लागि निकासी भैसकेको पनि मन्त्रालयको भनाइ छ। रासस

कृषि सामग्री कम्पनी लिमिटेड
KRISHI SAMAGRI COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# गठबन्धनको विकल्प खोज्ने पक्षमा छैनौं : माओवादी

काठमाडौँ, १८ मङ्सिर
नेकपा (माओवादी केन्द्र) ले तत्काल गठबन्धनको विकल्प खोज्ने पक्षमा पार्टी नरहेको ठहर गरेको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतवार बसेको पदाधिकारी बैठकले गठबन्धन फोड्ने वा तोड्ने पक्षमा आफूहरू नरहेको निष्कर्ष निकालेको हो । बैठकपछि माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले आइतवारको बैठकमा विशेषगरी यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको प्रारम्भिकरूपमा समीक्षा गरिएको जानकारी दिए । नयाँ सरकार गठनका सन्दर्भमा कुनै विषय नै प्रवेश नगरेको उल्लेख गर्दै उहाँले सत्तारूढ गठबन्धनको बैठक आह्वान गरेर समग्र पक्षमा छलफल गरिने बताए । महासचिव गुरुङका अनुसार गठबन्धनको बैठक सोमबारका लागि बोलाइएको छ । उनले भने , गठबन्धनमा विमति पैदा भएको अवस्था पनि होइन, तोड्नुपर्छ वा फोड्नुपर्छ भन्ने कुरा पनि होइन । सरकार गठनको विकल्पमा उल्लेखनीय रूपमा विषय प्रवेश गरेको छैन । हामी विशेषगरी निर्वाचनको समीक्षाको पाटोमा केन्द्रीत छौँ । बैठकले निर्वाचनसँग सम्बन्धित सबै पक्षलाई आभार प्रकट गरेको जानकारी दिए । उनले शनिबार र आजको बैठकमा निर्वाचनका सन्दर्भमा हाम्रा आफ्ना के कस्ता सीमा र के कस्ता कमी कमजोरी के के भए त्यसलाई सुधार गर्दै लगेर पार्टीलाई सशक्त बनाएर जाने विषयमा महत्वपूर्ण छलफल भएको बताए । सरकार गठनको सन्दर्भमा गठबन्धन घटकका बीचमा कुराकानी हुने जानकारी दिँदै उनले पार्टीभित्र त्यस सम्बन्धमा कुनै छलफल नै नभएको बताए । हामी अहिले गठबन्धनमा छौँ । गठबन्धनको बैठक बस्नुपर्छ । निर्वाचनसँग जोडिएका सीमा र कमीकमजोरी के के भएका छन् । त्यसमा छलफल गर्नुपर्छ भन्ने भएको छ, उनले भने । रासस

## ३७ अर्ब आम्दानी...............................

भोगेन्द्र झाले बजेट निर्माणमा आन्तरिक राजश्व, राजश्वा बाँडफाँड, नेपाल सरकारबाट प्राप्त अनुदान, सशर्त अनुदान र अनुदानमा वृद्धि दर रकम समावेश गरिएको हुन्छ। हामीले गरेको अनुमानित बजेटमा सशर्त अनुदान र प्रत्येक वर्ष १५ प्रतिशत दरले वृद्धि हुने रकम समावेश गरेका छैनौं र त्यो कुनैपनि अनुमानित बजेट समावेश गरिदैन ।
राजश्वको वृद्धिदर आन्तरिक ऋृण सहित आन्तरिक राजश्व, यातायात राजश्व, रोयाल्टीबाट संकलित राजश्व, जग्गा खरीद बिक्रीबाट प्राप्त रजिष्ट्रेशन शुल्क, स्थानीय तहबाट संकलन हुने कर, संघबाट प्राप्त हुने विभिन्न अनुदान रकमको आधार मध्यमकालिन खर्च संरचनामा लिइएको हो ।
प्रदेशको बजेट सामान्य सार्वजनिक सेवा, सार्वजनिक शान्ति सुरक्षा, आर्थिक मामिला, आवास तथा सामुदायिक सुविधा, वातवारण संरक्षण मनोरञ्जन संस्कृति तथा धर्म, स्वास्थ्य तथा शिक्षा र सामाजिक सुरक्षा सहित ८ वटा शिर्षकमा विनियोजन हुने आयोगद्वारा तयार पारिएको खर्च संरचनामा उल्लेख छ।
आयोगका अनुसार आ.ब. ०८०/८१ र ०८१/८२ दुवैमा कुल बजेटको सामान्य सार्वजनिक सेवा २२.१९ प्रतिशत, सार्वजनिक शान्ति सुरक्षामा १.४६, आर्थिक मामिलामा ४७.९३, आवास तथा सामुदायिक सुविधामा १३.३२, वातवारण संरक्षणमा ०.०५, मनोरञ्जन संस्कृति तथा धर्ममा १.८२, स्वास्थ्य तथा शिक्षामा ११.३५ र सामाजिक सुरक्षामा १.८८ प्रतिशत विनियोजन गरिनेछ।
प्रदेशको पहिलो आवधिक वर्षमा लक्ष्य लिए अनुरुप आर्थिक वर्ष ०८०/८१ सम्म प्रदेशको आर्थिक वृद्धिदर ११ प्रतिशत, समग्र गरीबी दर २१ प्रतिशत, कुल ग्राहस्थको उत्पादन ६ खर्ब, गैर कृषि क्रियाकलापहरुको योगदान ६५ प्रतिशत, प्रतिव्यक्ति आय (अमेरिकी डलर) एक हजार, खानेपानीको सुविधा ९९ प्रतिशत र सिचाई योग्य क्षेत्रमा सिचाई सुविधा ७५ प्रतिशतसम्म पुरयाइने दाबी गरिएको छ।

# कांग्रेसमा अन्तर्घात गर्नेको सूची केन्द्रमा पठाउन निर्देशन




काठमाडौँ, १८ मङ्सिर
नेपाली कांग्रेसले यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पार्टीभित्र अन्तर्घात गरी असहयोग गर्नेको सूची केन्द्रमा पठाउन निर्देशन गरेको छ।
पार्टीका उम्मेदवार र गठबन्धन दलका उम्मेदवारलाई अन्तर्घात गरी असहयोग गरेको रहेछ भने जिल्ला एवं प्रदेश अनुशासन समितिमा परेका उजुरीलाई विधिवत् निर्णय गरी केन्द्रीय अनुशासन समितिमा पठाउन आइतवार निर्देशन जारी गरिएको पार्टी कार्यालयले जनाएको छ । यस्तै जिल्ला एवं प्रदेश अनुशासन समिति गठन नभएको अवस्थामा तत्काल अनुशासन समिति गठन गरी निर्णयसहित आगामी पुस १५ गतेभित्र विवरण केन्द्रमा पठाउनु पर्ने निर्देशन जारी गरिएको पार्टी केन्द्रीय कार्यालयका सचिव प्रेम केसीले जानकारी दिए। रासस

## धरौटी राख्ने सम्पति ..............................

अनेकन खाले शुल्कहरुका कारण सवारी धनिको मात्रै दैनिक ५ हजार खर्च हुने निगमले जनाएको छ।
तेल उडेर जाने, तेल अभाव हुने लगायतका समस्या समाधानका लागि पनि पाईपलाईनबाट तेल ल्याउन सके धेरै खर्चकम हुने यादवको भनाई छ । 'हामीले जतिसक्दो चाडो पाईपलाईनबाट पेट्रोल ल्याउन सके त्यति नै चाँडो निगम र देशकै लागि ठुलो फाईदा पुग्छ' यादवले भने 'हामीलाई डर छ यो आयोजना पछि धकलिदै गयो भने समानको मुल्य बढेर लागत पनि बढ्ने र निगमको मासिक १५ करोड अनावश्यक खर्च भईरहेको छ त्यो बचत हुन अझ बढी समय लाग्ने देखिन्छ'।



शनिबार, डिसेम्बर, डिसेम्बर, दोहामा अर्जेन्टिना र अष्ट्रेलियाबीचको विश्वकप राउन्ड अफ 16 फुटबलको खेलमा अस्ट्रेलियाका डिफेन्डर आरोन मुय र काई रोलेसले रोक्न खोज्दा अर्जेन्टिनाका लियोनल मेस्सीले गोलमा शट लिए ।

*(एपी फोटो/जर्ज सेन्ज)*

# विश्वकप फुटबल अपडेट

## जर्मनीको बहिर्गमनले फैलिएको सनसनी

काठमाण्डौ,मंसिर १८
विश्व फुटबलमा जर्मनीको दबदबा झल्काउने इङ्ग्ल्याण्डका पूर्व स्ट्राइकर ग्यारी लिनेकरको यो सदा स्मरणीय उक्ति अहिले कस्तो कस्तो लाग्छ।जारी कतार विश्वकपबाट जर्मनीको पछिल्लो लज्जाजनक बहिर्गमनले त झन् सो उक्ति वास्तविकताबाट अहिले कति पर पुगसक्यो भन्ने देखाउँछ।कुनै समय जर्मनीलाई यस्तो टोली मानिन्थ्यो जो सधैं विश्वकप तथा अन्य महत्त्वपूर्ण प्रतियोगिताहरूका अन्तिम चरणहरूमा पुग्ने निश्चित् जस्तै हुन्थ्यो।गए राति भएको खेलमा जर्मनीले कोस्टारिकालाई ४-२ ले जित्यो तर सोही समूहको अर्को खेलमा जापानले स्पेनलाई पराजित गर्नासाथ जर्मनीको अगाडि बढ्ने सबै आश मर्‍यो । योसँगै लगातार दोस्रो विश्वकप प्रतियोगितामा जर्मनी पहिलो चरणबाटै बाहिरिएको छ। सन् २०१८ मा रुसमा भएको विश्वकपमा पनि जर्मनीको यही हालत भएको थियो । तर त्योभन्दा अगाडिका १६ वटा प्रतियोगितामा त्यस्तो कहिल्यै भएको थिएन । यो अवस्थामा अब जर्मनी फुटबलको 'बी' श्रेणीमा खस्कने खतरा टड्कारो छ। जर्मनीले खेल त जित्यो तर उता जापानले स्पेनलाई पराजित गर्नासाथ त्यो अपर्याप्त हुन पुग्यो । अन्तिम सिटीको आवाजसँगै जर्मनीका मुख्य प्रशिक्षक हान्सी फ्लीक मलिन देखिए भने रक्षक एन्टोनियो रुडिगर लल्याकलुलुक भए र अनुभवी गोलरक्षक म्यानुएल नोएरले अविश्वासपूर्ण अनि रित्तो नजर दौडाए ।

### प्रतिष्ठामा दाग

पुरानो प्रतिष्ठा र इतिहासका आधारमा जर्मनीको बहिर्गमन एउटा अप्रत्याशित घटना थियो। तर उनीहरूले गुनासो गर्ने ठाउँ भने छैन। यसअघि रुसमा भएको विश्वकपमा पनि आफ्नो समूहमा जर्मनी अन्तिम स्थानमा खुम्चिनु परेको थियो । त्यतिखेर उसको समूहमा स्वीडन, मेक्सिको र दक्षिण कोरिया थिए । यसपाली सुरुकै खेलमा जापानसँग जर्मनी हार्‍यो । सन् २०१४ मा आर्जेन्टिनालाई हराएर उपाधि उचालेको जर्मनीको अपराजेय शक्तिको छविमा यी पछिल्ला प्रदर्शनहरूले धक्का लागेको छ । सन् २०२० को युरो प्रतियोगितामा पनि जर्मनीको प्रदर्शन औसत रह्यो । जर्मनीको चर्चित सेतो जर्सीसँग सम्बन्धित डर वा धक बाँकी रहेको देखिएन । सन् २०२१ मा फ्लिक मुख्य प्रशिक्षक नियुक्त भए। तर यसपाली कतारमा पहिलो खेलमै जापानसँग हारेपछि जर्मनीको स्थिति नाजुक बन्यो। स्पेनसँग बराबरी अनि कोस्टारिकालाई जित्दा पनि जर्मनी बाहिरियो। सही मार्गमा फर्कन के गर्नु पर्छ भन्ने बहस पनि हुनेछ किनकी यो हार जर्मन प्रणालीकै निम्ति स्तब्धकारी रह्यो । फ्लिक र उनका खेलाडीले यो पुनर्स्थापना तत्कालै गरिहाल्नुपर्नेछ किनभने सन् २०२४ को युरो प्रतियोगिता जर्मनीमै हुनेछ।गृह मैदानमा घरेलु दर्शककै सामु यस्तै पराजय हुने कुरा उनीहरू सोच्न पनि सक्दैनन्।जर्मनीसँग असाधारण युवा प्रतिभाहरू छन्।१९ वर्षका जमाल मुसियाला अनि २३ वर्षका काइ हाभर्ट्ज। तर विगतमा धेरै सफलता दिलाएका पाका खेलाडीहरू अब पाखा लाग्दैछन्।३६ वर्षका नोयरको पक्कै यो अन्तिम विश्वकप होला। टमस मुलर ३३ वर्षका भइसके। इल्काइ गुन्डोगान ३२ वर्षका भइसके । हुन त निक्लास फुलक्रुगले स्पेन र कोस्टारिकाविरुद्ध गोल हाने तर अन्य खेलाडी घाइते भएकाले मात्र उनले अवसर पाएका थिए । त्यस्तै २७ वर्षीय योशुवा किमिख आगामी दिनमा जर्मनीका निम्ति महत्त्वपूर्ण खेलाडी हुनेछन् । सारमा के हो भने यो प्रतियोगिताभरि नै जर्मनीको पुरानो चमक देखिएन - त्यो सुदृढ रक्षापङ्क्ति कतै देखिएन भने आक्रमण पनि हलुका किसिमका थिए । फुटबल प्रतियोगितामा यो भनेको घातक मिश्रण हो । जर्मनीको अपराजेय छवि धुमिलिएको धेरै भइसक्यो। केहि सातायताका प्रदर्शनले केवल त्यसको पुष्टिमात्रै गरेको हो । जर्मनीको टोली अब विश्व फुटबलका पराजित महारथीको 'ट्याग' लिएर कतारबाट फर्कंदैछ । विविसी

## अर्जेन्टिना क्वाटरफाइनलमा



काठमाडौं, १८ मङ्सिर
कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत अर्जेन्टिना क्वाटरफाइनलमा प्रवेश गरेको छ ।
कतारको अहमद विन अली रङ्गशालामा भएको अन्तिम १६ को खेलमा अर्जेन्टिनाले अष्ट्रेलियालाई २-१ गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।अर्जेन्टिनाको जीतमा कप्तान लियोनल मेस्सीले खेलको ३५औं मिनेटमा गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए भने ५७औं मिनेटमा जुलियान अल्भारेजको गोलपछि अग्रता दोब्बर भयो ।
खेलको ७७औं मिनेटमा एन्जो फर्नान्डेजले गोल गर्दै अष्ट्रेलियालाई खेलमा फर्काउने प्रयास गरे पनि पर्याप्त हुन सकेन ।प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गर्ने अर्जेन्टिना दोस्रो टोली बनेको छ । यसअघि आइतवारनै भएको अन्तिम १६ को पहिलो खेलमा नेदरल्याण्ड्सले अमेरिकालाई पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरिसकेको छ । क्वाटरफाइनलमा नेदरल्याण्ड्स र अर्जेन्टिनाबीच प्रतिस्पर्धा हुनेछ । रासस

# संक्षिप्त समाचार

## बम प्रहारमा तीनको मृत्यु

नयाँ दिल्ली, १८ मङ्सिर
भारतको पश्चिम बङ्गालमा शनिबार राति बम विस्फोट गराएर कम्तीमा पनि तीन जनाको ज्यान लिइएको समाचारमा जनाइएको छ ।यसरी ज्यान जानेमा यहाँको एक राजनीतिक पार्टी त्रिणमूल कंग्रेसका नेता पनि पर्नुभएको छ । उहाँको घरमा नै बम विस्फोट गराइएको थियो ।भारतीय राज्य पश्चिम बङ्गालको मणिपुर जिल्लास्थित भूपतिनगरमा रहेको त्रिणमूल कंग्रेसका नेता राजकुमार मन्नाको घरमा शनिबार राति बम विस्फोट भएको थियो । सो विस्फोटमा परेर उहाँको पनि निधन भएको छ ।सो विस्फोटमा परेर उहाँबाहेक अरु दुई जनाको पनि ज्यान गएको बताइएको छ । मारिएका अरु दुई जनामध्ये एकजना मन्नाका भाई र अर्का एक सो पार्टीका कार्यकर्ता रहेको बताइएको छ ।सो घटना भएपछि राति नै प्रहरी घटनास्थलमा पुगेको थियो । बम विस्फोटबाट सो घर जलेर पूर्ण रुपमा ध्वस्त भएको पनि प्रहरीले जानकारी दिएको छ ।प्रहरीले उक्त घटनाको अनुसन्धान थालेको जनाएको छ । प्रहरीले यसको अनुसन्धान सुरु भइसकेको तर उक्त विस्फोट र हत्याको कारण अहिले नै स्पष्ट नभएको जनाएको छ । तर भारतीय जनता पार्टीको पश्चिम बंगालका नेताले भने मन्नाको घरमा नै बम बनाइएको र बम बनाउने क्रममा विस्फोट भएर सो दुर्घटना भएको जनाएका छन् । उनले उक्त घटनाको अनुसन्धान गर्न पनि माग गरेका छन् । (रासस/सिन्ह्वा)

## आतंककारी कमाण्डरको मृत्यु

पाकिस्तानको सेनाले जारी राखेको आतङ्कारीविरुद्धको कारबाहीका क्रममा शनिबार एक आतङ्कारी समूहका कमाण्डरको ज्यान गएको बताइएको छ । पाकिस्तानको उत्तरी वाजिरिस्तानमा ती कमाण्डरमा मारिएका यहाँको सेनाले जानकारी दिएको छ । शनिबार राति पाकिस्तानी सेनाले गरेको विशेष कारबाहीमा उनी मारिएका यहाँको सेनाले प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको छ ।पाकिस्तानी सेनाको मिडिया विभाग, आइएसपिआरले सो कुराको जानकारी गराएको हो । उत्तरी वाजिरिस्तानको सेवा जिल्लामा सेना र आतङ्कारी समूहका सदस्यका बीचमा दुई पक्षीय भिडन्त भएको थियो ।दुवै तर्फबाट गोली प्रहार भएको र सैनिकको गोली लागेर ती कमाण्डर सरकाई छद्म नामले चिनिने मोहम्मद नुर मारिएका हुन् । उनले सो क्षेत्रका सर्वसाधारण तथा प्रहरीको हत्या गर्ने, मानिसलाई अपहरण गर्ने र फिरौती माग्ने जस्ता काम गरेका थिए ।उनी यहाँका सुरक्षा निकायको सर्वाधिक खोजीको सूचीमा रहेका पनि सो विज्ञप्तिमा जनाइएको छ । पाकिस्तानी सेनाले यहाँका नागरिकको सर्वाधिक खोजीको सूचीमा रहेका मोहम्मद नुरको ज्यान गएको र त्यस कारबाहीका क्रममा अरु केही आतङ्कारी तथा पाकिस्तानी सेनाका सदस्य घाइते भएका पुष्टि गरेको हो । (रासस/सिन्ह्वा)

## संयुक्त राष्ट्रसंघको आग्रह

संयुक्त राष्ट्रसङ्घले लेबनानका शरणार्थीहरुका लागि सहयोग उपलब्ध गराउन आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयुक्तले सो आग्रह गरेका छन । संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी आयोगका उच्च आयुक्त फिलिपो ग्राण्डीले लेबनानमा पछिल्लो समयमा शरणार्थीहरुको सङ्ख्या निकै बढ्दै गएको र यहाँ उनीहरुका लागि आवश्यक मात्रामा सहयोग पनि नपुगेकाले सो आग्रह गरेका हुन । ग्राण्डी तीन दिनको भ्रमणका क्रममा लेबनान आउनुभएको थियो । सो भ्रमण सकेर शनिबार फर्किने क्रममा उनले लेबनानमा दशौं हजार जना शरणार्थीलाई हाल सामान्य सहयोग मात्र गरिएको र उनीहरुको भविष्य सुनिश्चित हुने खालको कुनै दिगो सहयोग प्राप्त हुन नसकेको बताएका हुन । उनले सिरियाबाट आएर पनि लेबनानमा शरणार्थीका रुपमा मानिसहरु रहेकाले उनीहरुलाई आवश्यक मात्रामा र दिगो सहयोग पुर्‍याउनुपर्ने बताउनुभएको लेबनानमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले शनिबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।रासस/सिन्ह्वा

## सात करोड आम्दानी देखाएका अफ्रिकी राष्ट्रपतिमाथि घोटालाको आरोप

काठमाण्डौ,मंसिर १८
दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामापोसाको एक फार्मबाट पैसा चोरी भएको घटना बाहिरिएपछि उनीमाथि लागेको घोटालाको आरोपका बाबजुद राष्ट्रपतिले राजीनामा नदिने उनका प्रवक्ताले बताएका छन् । उनले आफ्नो सम्पत्तिको रुपमा राखेको ठूलो रकम चोरी भएको विषय ढाकछोप गरेको आरोप छ । कानुनी विज्ञहरूको समूहले उनले यस विषयमा जवाफ दिनुपर्ने निष्कर्ष निकालेको थियो । तर रामापोसाका प्रवक्ताले उनले कानुनी लडाई तड्ने र पद त्याग गर्नुको साटो अफ्रिकन न्याशनल कांग्रेस पार्टीको प्रमुखका रूपमा दोस्रो कार्यकाल दाबी गर्ने बताए । त्रुटिपूर्ण विवरणहरूलाई आधार बनाएर राष्ट्रपति रामापोसाले न त राजीनामा नदिनु हुन्छ न त पछि हट्नु हुन्छ, प्रवक्ता भिन्सेन्ट म्याग्वेन्याले भने । राष्ट्रपति रामापोसाको कार्यकालमा यस्तो स्पष्ट रूपमा त्रुटिपूर्ण प्रतिवेदनलाई चुनौती दिइँदै छ। यो हाम्रो संवैधानिक लोकतन्त्रको दीर्घकालीन हित र स्थायित्वको पक्षमा हुन सक्छ, उनले थप प्रस्ट्याए । गत जुन महिनामा दक्षिण अफ्रिकाका पूर्व जासुस प्रबन्धक अर्थर फ्रेजरले, राष्ट्रपतिले सन् २०२० मा आफ्नो फाला फाला खेल फार्ममा लुकाएर राखिएको ४० लाख अमेरिकी डलर नगद चोरी भएको दाबी गर्दै प्रहरीमा उजुरी दिएपछि राष्ट्रपतिमाथि घोटालाको आरोप लागेको हो । रामापोसाले रकम चोरी भएको स्वीकार गरे तर उल्लेखित रकम ४० लाख डलर नभई पाँच लाख ८० हजार डलर (सात करोड ६५ लाख नेपाली रुपैया) मात्रै भएको दाबी गरे। उक्त रकम भैंसी बिक्रीबाट प्राप्त भएको राष्ट्रपतिले दाबी छ ।
प्रधानन्यायाधीशको नेतृत्वमा रहेको निर्णायक मण्डलले भने भैंसीको बिक्री साँच्चै भएको हो या होइन भन्नेबारे आशङ्का गर्ने पर्याप्त ठाउँ रहेको बताएको थियो । कानुनी विज्ञहरूको निष्कर्ष संसद्लाई हस्तान्तरण गरिएको छ र उक्त प्रतिवेदनको जाँच गरी राष्ट्रपतिविरुद्ध महाभियोग प्रक्रिया सुरु गर्ने वा नगर्ने भन्नेबारे निर्णय गर्ने तयारी भएको छ। रामापोसालाई प्रतिपक्षी र उनको सत्तारुढ अफ्रिकन कांग्रेस एएनसीका प्रतिद्वन्द्वीहरूले पनि राजीनामा दिनका लागि दबाब दिइरहेका छन् । यसअघिको बैठकमा सहभागी हुन नसकेपछि उनले आइतवार र सोमबार एएनसीको शीर्ष नेतृत्व निकायलाई भेट्ने कार्यक्रम तय भएको छ । यस घोटालाको घटना विशेष गरी रामापोसाका लागि निकै क्षति पुर्‍याउन सक्छ। किनकि उनले आफ्ना पूर्ववर्ती, ज्याकब जुमा नेतृत्वमा रहँदा देशमा व्याप्त भ्रष्टाचार हटाउने वाचा गर्दै सत्तामा आएका थिए । एएनसीमा जुमाका समर्थकहरू र रामापोसालाई समर्थन गर्नेहरूबीच व्यापक विभाजन छ । रामापोसालाई एएनसीको नेतृत्वका लागि उनका पूर्व स्वास्थ्यमन्त्री ज्वेली मखिजले चुनौती दिनेछन्। उनी स्वयं पनि भ्रष्टाचारको आरोपित हुन् र उनले उक्त आरोप अस्वीकार गर्दै आएका छन् ।विविसी

## इजरायलका निम्ति जासुसी गरेको अभियोगमा चार जनालाई मृत्युदण्ड



कायरो, १८ मङ्सिर
इरानले इजरायलका निम्ति जासुसी गरेको अभियोगमा चार जनालाई मृत्युदण्ड दिएको तथा अन्य तीन जनालाई लामो कारावासको सजाय सुनाएको छ ।
सरकारी समाचार समिति इर्नाका अनुसार इजरायली जासुरी संस्था मोसादका निम्ति काम गरेको अभियोगमा उनीहरूलाई देशको शक्तिशाली रिभोलुस्नरी गार्डले पक्राउ गरेको थियो । अभियुक्तहरू विगतमा पनि आपराधिक गतिविधिमा संलग्न रहेका तथा उनीहरूले देशको सुरक्षा व्यवस्थामा आघात पार्ने प्रयास गरेका थिए । इरान र इजराल क्षेत्रीय दुश्मन हुन् । इरानले बेलाबखत इजरायल र अमेरिकालगायत देशका लागि जासुसी गरेको भन्दै मानिसहरू पक्राउ गरेको घोषणा गर्ने गरेको छ । तेहरानले इजरायल एक स्वतन्त्र राष्ट्रको मान्यता दिएको छैन उसले इजरायल विरोधी सशस्त्र समूह हिज्बुल्लाह र हमासलाई सहयोग गर्दै आएको छ । मृत्युदण्ड दिइएका तथा लामो कारावासको सजाय पाएका मोसादका सदस्यले निजी तथा सार्वजनिक सम्पत्ति चोरेर नष्ट गरेका, व्यक्ति अपहरण गरेका, उनीहरूबाट हातहतियारसमेत बरामद गरिएको, तलबभत्ता क्रिप्टो करेन्सीमा लिने गरेका इरानी अधिकारीहरूले बताए पनि कथित अपराधको कुनै प्रमाण सार्वजनिक गरेका छैनन् । मृत्युदण्ड दिइएकाहरूको नाम सार्वज्निक गरे पनि लामो कारावासको सजाय तोकिएका तीन जनाको परिचय पनि खुलाइएको छैन । इरानको रिभोलुस्नरी अदालतले नियमित रुपमा मृत्युदण्डको सजाय सुनाउँदै आएको छ । इरानको शासन व्यवस्थाको विरोध गर्नेहरूको जीवन लुछिन्छ । एम्नेस्टी इन्टरनेसनलका अनुसार गत वर्ष इरानले तीन सय १४ जनालाई मृत्युदण्ड दिएको थियो । उक्त सङ्ख्या पोहोर खाडी राष्ट्रमा दिइएका मृत्युदण्डभन्दा आधाले अधिक हो । (रासस/एपी)

## ह्वीलचियर प्रयोगकर्ताबीच मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता



मध्यविन्दु, १८ मङ्सिर
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिकामा देवचुली र पोखराका ह्वीलचियर प्रयोगकर्ताको मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता सम्पन्न भएको छ ।
पाँच-पाँच जनाको समुहमा विभाजित दुई समूहले ह्वीलचियरकै माध्यमबाट आफ्नो खेल प्रदर्शन गरेका थिए ।
खेलमा पोखराको समूह विजेता बनेको छ । ह्वीलचियर प्रयोगकर्ता पनि सवलाङ्ग व्यक्तिसरह सक्षम रहेको देखाउन प्रतियोगिता सञ्चालन गरिएको धवलागिरि अपाङ्ग उत्थान संस्था देवचुलीका अध्यक्ष घनश्याम सुवेदीले बताए । अपाङ्गता भएकाहरूले पनि सामान्यसरह जे पनि गर्न सक्छन् भन्ने देखाउन खेल खेलिएको हो, उनले भने , सरोकारवाला निकायले उचित अवसरको व्यवस्था मिलाउन दबाब पुग्ने आशा लिएका छौं । सहभागीहरूलाई हौसला प्रदान गर्दै देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले अपाङ्गता भएकाहरूको हकहितका लागि आफू सदैव अगाडि हुने बताए । उनले भने , स्थानीय सरकारले अपाङ्गतामैत्री सेवा प्रवाह गर्दै सीप र अवसर दिनुपर्छ भन्नेमा हामी प्रतिबद्ध छौं ।रासस



सडक क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु भत्काउँदै कैलालीको गोदावरी नगरपालिका । नगरपालिकाले अत्तरिया बजारक्षेत्रमा सडक क्षेत्र अतिक्रमण गरि बनाईएका संरचनाहरु भत्काउन थालेको हो । *तस्बिर : राजकुमार साउँद/रासस*

# मेनरोडको अतिक्रमण हटाउँदैं महानगर

## कठिन परिस्थितिको सामना गर्न तयार : प्रमुख सिंह

मधेशदृष्टि
वीरगंज १८ मंसिर ।
वीरगंज महानगरपालिकाले मेनरोडको अतिक्रमण हटाउने तयारी थालेको छ । वीरगंजको मेनरोड सहितका सडकको दायाँ बायाँ अतिक्रमण गरी बनाईएका घर, टहरा, हटाउन ३५ दिने सूचना जारी गरेको डेढ महिना पछि महानगरपालिकाकाले मेनरोडको अतिक्रमण हटाउने अन्तिम तयारी गरेको छ ।



पहिलो चरणमा वीरगंजको लाल बंगला देखि भन्सार सम्मको मुख्य सडकको अतिक्रमण हटाउने योजनामा महानगरपालिका रहेको छ । वर्षौं देखि बीरगंजको मेनरोडको अतिक्रमण हटाउने चर्चा चलेपनि यस पटक भने महानगरपालिका आफैले सूचना जारी गरी ३५ दिन पछि अतिक्रमण हटाउने अभियान शुरु गर्न लागेको हो । सडक विभागले नगर क्षेत्रको अतिक्रमण हटाउन चासो नदिएपछि महानगरपालिका आफू तातेको हो । वीरगंज महानगरपालिकामा नगर प्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै अतिक्रमण हटने चर्चा चलेको भए पनि कानुनी र चाडपर्व तथा निर्वाचनको कारण तत्काल काम शुरु हुन सकेको थिएन । हाल महानगरपालिकाले आफ्नो सम्पूर्ण ध्यान अतिक्रमण हटाउने अभियानमा केन्द्रीत गरेको छ ।

यसै क्रममा क्रममा आइतबार नगर प्रमुख राजेशमान सिंहले शंकराचार्य गेट देखि वीरगंज भन्सार हुदै लाल बंगलासम्मको अतिक्रमण हटाउने तयारीको स्थलगत अवलोकन समेत गरेका छन् । मुलुकको प्रमुख आर्थिक केन्द्रको रुपमा रहेको वीरगंजलाई व्यवस्थित बनाउन आफू कठिन परिस्थितिको सामना गर्न तयार रहेको बताउँदै नगर प्रमुख सिंहले भोलीको पुस्ताले हेर्न लायक र गर्व गर्न लायक आर्थिक शहरको रुपान्तरणका लागि यसमा सबैको सहयोग रहने विश्वास प्रकट गरेका छन् ।
निर्वाचित भएसँगै सिंहले घण्टाघर देखि माईस्थान सम्मको सडक, सिमा क्षेत्रको विग्रिएको सडक, माईस्थान मन्दिर अगाडि गरिएको सौन्दर्यकरण नालाको अतिक्रमण हटाउने काम शुरु गरेर नगरवासीको साथ र समर्थन पाउँदै आएका छन् ।

# जनकपुर उमनपा गौशाला निर्माण गर्दै

मधेशदृष्टि
जनकपुरधाम,मंसिर १८
छाडा चौपाया नियन्त्रणका लागि जनकपुरधाम उपमहानगरपालिकाले गौशाला (काजी हाउस) निर्माणलाई तिव्रता दिएको छ ।
उपमहानगरपालिकाको वडा नं १२ कुवामा तिव्र गतिमा निर्माण हुन लागेको गौशाला निर्माण पछि जनकपुरधाममा सडकको व्यवस्थापनमा सहयोग पुग्ने जनाईएको छ । गुठी संस्थानको १ विघा जग्गा लिजमा लिएर सोही जग्गामा गौशालाको निर्माण कार्य भईरहेको र चाडै निर्माण कार्य सकिने नगर प्रमुख मनोज कुमार साहले बताएका छन ।
२०७९ श्रावण २६ गते नगर प्रमुख मनोज कुमार साह, उपप्रमुख किशोरी साह तथा वडाध्यक्षहरूले संयुक्त रुपमा शिलान्यास गरिएको सो निमार्णाधिन गौशाला १ करोडको लागतमा निर्माण हुने भएको छ भने गौशाला निर्माण अन्तर्गत पहिलो वर्षमा छाडा चौपाया राख्ने घर, चौपायाका लागि आवश्यक पर्ने भूस तथा पराल राख्ने घर तथा गौशालाको रेखदेख गर्ने कर्मचारी बस्ने घरको निर्माण गरिने नगरप्रमुख मनोज कुमार साहले जानकारी दिएका छन ।
गौशालाको निर्माणले नगरक्षेत्रमा जथाभाबी रुपमा छाड्ने चौपायाको नियन्त्रण भएर सडक तथा ट्राफिक व्यवस्थापनमा पनि ठूलो मद्दत पुग्ने विश्वास जनकपुरधाम उपमहानगरपालिकाकानगरप्रमुख मनोज कुमार साहको रहेको छ । गौशाला निर्माण भएपछि



छाडा चौपायाले प्रदान गर्ने गोवर तथा मूत्रबाट जैविक मलको उत्पादन गरेर न्यूनतम लागतमा किसानलाई मल बिक्री गर्ने सोचमा उपमहानगरपालिका रहेको छ। यसले वर्षेनी रुपमा हुने मलको अभाव थोरै भएपनि समाधान हुने नगरप्रमुख साहको रहेको छ । नगरक्षेत्रमा चौपाया धनीहरूले दूध दुहेर गाई तथा गोरु एवं उत्पादन नदिने वस्तुहरू जथाभाबी रुपमा छाड्ने गरेका कारणले नगरपालिकाको सडक व्यवस्थापनमा समस्या आउनुका साथै नगरक्षेत्रमा जथाभाबी रुपमा चौपायाले सडक भरि गोवर तथा मूत्र त्याग गरेर फोहर बढाउने काम गरिरहेको छ । कहिले काहीँ छाडा चौपायाका कारणले सवारी दुर्घटना पनि हुने गरेको छ ।
गौशालाको निर्माण भएपछि गाई तथा गोरु छाडेको खण्डमा नगरपालिकाले नियन्त्रणमा लिएर त्यस्ता वस्तुको धनीबाट जरिवाना गर्ने कानूनी प्रावधान छ ।

# हरित सहर बनाउन खेतान संयोजक

मधेशदृष्टि
वीरगन्ज, १८ मंसिर ।
ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतान वीरगन्ज महानगरपालिकाको फोहोर व्यवस्थापन तथा अनुगमन, वृक्षारोपण र फुटपाथ व्यवस्थापन समितिको संयोजक भएका छन् ।



महानगरपालिकालाई स्वच्छ, सुन्दर र हरीयाली वातावरण निर्माणको लागि खेतानलाई यो जिम्मेवारी दिइएको हो । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले आइतबार खेतानलाई जिम्मेवारी सहितको मनोनयन पत्र हस्तान्तरण गर्दै महानगरले लिएको लक्ष्य प्राप्ती हुनेगरी काम गर्न आग्रह गरे । वीरगंज महानगरलाई कंक्रिटको शहरबाट हरित शहरको रुपमा रुपान्तरण गर्न नगरका ३२ वटै वडामा वृक्षारोपण कार्यक्रम सहित फुटपाथ अतिक्रमणलाई हटाएर सडक फराकिलो बनाउने अभियानमा आफूहरु जुटने संयोजक खेतानले बताए ।
वीरगन्ज महानगरलाई हरित शहर बनाउँदै सफा सुन्दर बनाउने अभियानमा सबैको साथ र सहयोग आवश्यक हुने पनि संयोजक खेतानले बताए ।

# तीस प्रतिशत कैदीबन्दी लागु औषध मुद्दाका

मधेशदृष्टि
वीरगंज १८ मंसिर ।
वीरगन्ज कारागारमा रहेका १ हजार ४ सय ५९ जना कैदीबन्दी मध्ये ५ सय ४२ जना कैदीबन्दी लागूऔषध मुद्दाका अभियुक्त रहेका छन् ।
वीरगंज कारागारमा कुल कैदीबन्दीको ३० प्रतिशत कैदीबन्दीहरु लागूऔषध मुद्दामा सजाय काटन तथा पूर्पपक्षका लागि थुनामा परेका छन् । वीरगन्ज कारागार कार्यालयको तथ्यांक अनुसार लागू औषध मुद्दाका ५ सय ४२ कैदीबन्दीमध्ये ४ सय ३७ स्वदेशी र १ सय ५ विदेशी नागरिक रहेका छन् ।
विदेशीहरु सबै भारतीय नागरिक हुन् । स्वदेशीमध्ये १ सय ६१ कैदी र २ सय ७६ थुनुवा रहेका हुन । भारतीय नागरिक १ सय ५ कैदी बन्दीमा ५७ कैदी र ४८ थुनुवा रहेका छन् । लागूऔषध ढुवानी तथा तस्करीका लागि वीरगन्ज तथा बारा पर्साका ग्रामीण भेगका नाकाहरु मुलुककै मुख्य नाका मानिन्छन् । मुलुकको सर्वाधिक आयात निर्यात हुने बीरगंज नाका लाग ूऔषध ढुवानीको परम्परागत ट्रान्जिटको रुपमा बदनाम रहेको छ ।
भारतमा प्रतिबन्धित नभएका तर नेपालमा प्रतिबन्धित नुरफिन, फेनारगन, डाइजेपाम जस्ता औषधि बोकेर आउँनेहरु दैनिकजसो पक्राउ पर्ने गरेका छन् ।पक्राउ पर्ने अधिकांशमा १८ देखि २४ वर्ष उमेर समूहका युवा हुन्छन् । नेपालमा प्रतिबन्धित लागू औषध भनिने औषधीहरु सीमावर्ती भारतीय सहर रक्सौलका औषधी पसलहरुमा खुलेआम बिक्री हुने गरेको छ ।
पर्सा जिल्लामा हाल लागू औषध गाँजाको खेती नगन्य मात्रामा रहेको तर छिमेकी जिल्ला मकवानपुरको विकट पहाडी गाउँहरुमा अझै पनि गाँजा खेती भइरहेकाले कारोबारीले त्यहाँबाट गाँजा ल्याई पर्साको बाटोबाट भारतसम्म लैजाने गरेका छन् ।
वीरगंज तथा पर्साको ग्रामिण क्षेत्रबाट गाँजा, चरेश ओसार पसारमा इन्धन बोक्ने टयांकर, एम्बुलेन्सको समेत प्रयोग हुने गरेको छ ।




# विधालय भवन शिलान्यास

मुकेश कुमार साह
रौतहट १८, मंसिर ।
रौतहटको गुजरा नगरपालिका वडा नं. ४ को श्री जन ज्योती प्राथमिक विधालय पोखरभिण्डामा दुई कोठे भवन शिलान्यास भएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परेको २२ लाख ५० हजार रुपैयाँको लागतमा निर्माण गरिने भवनको आईतवार एक कार्यक्रमकाबीच नगर प्रमुख सन्तलाल चौधरीले शिलान्यास गरेका हुन । शिल्यानास कार्यक्रम पछी संक्षिप्त कुरा गर्दै नगरप्रमुख चौधरीले यस भवनको निर्माणले बिधार्थीहरुको



पठन-पाठनमा सहज हुने बिश्वाश व्यक्त गरे। उनले गुजरा नगरपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको समेत बताए ।सो कार्यक्रममा गुजरा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोद जयसवाल,शिक्षा प्रमुख शिवमंगल शाह,वडाध्यक्ष झमक चौलागाई,कटहरिया वडा नम्बर १ का वडा अध्यक्ष भुपेन्द्र महतो प्रधानाध्यापक सोहन चौधरी,बिधालय व्यवस्थापन समितिकाअध्यक्ष सुरेन्द्र चौधरी लगायत शिक्षक-शिक्षिका, छात्रछात्रा,स्थानीय भद्रभलादमी, बुद्धिजीवी तथा शिक्षा प्रेमीहरूको उपस्थिति रहेको थियो ।

# हार्दिक समावेदना



मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष एवं नेपाल पत्रकार महासंघका सप्तरी शाखाका संस्थापक अध्यक्ष, नेपाल पत्रकार महासंघका पुर्व केन्द्रीय उपभासपति शिवहरी भट्टराईको असामयिक निधनको खबरले स्तब्ध भएका छौं । उहाँको आत्माको चिरशान्तिको कामना सहित हार्दिक समावेदना व्यक्त गर्दछौं । साथै शोकाकुल परिवारलाई धैर्यधारण गर्न माताजानकीले शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।

**मिडिया काउन्सिल, मधेश प्रदेश परिवार**




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल